मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

We're HIRING!
JOIN OUR TEAM
आवश्यकता
सिमला देवी मिडिया प्रालिद्वारा सञ्चालित जनकनन्दनी एफएम ९५.५ मेगाहर्जको लागि कर्मचारी आवश्यकता परेको हुँदा इच्छुक र योग्य व्यक्तिले आवश्यक कागजपत्रसहित जनकनन्दनी एफएम ९५.५ मेगाहर्जको कार्यालयमा लिखित निवेदन पेश गर्नुहुन अनुरोध गरिन्छ।
**पद : रेडियो एङ्कर-२ जना (महिला),**
**मार्केटिङ्ग-२ जना (पुरूष)**
**शैक्षिक योग्यता : कम्तीमा एसइई पास**
**कार्य अनुभव : कम्तिमा २ वर्ष, कम्प्युटरमा राम्रो दख्खल भएको हुनुपर्ने।**
**पारिश्रमिक : आपसी समझदारीमा**
**सम्पर्कको लागि :9854028218, 9808835198**

● वर्ष ३ ● अंक ४४ ● २०८१ साल पुष ०८ गते सोमबार ● Monday 23, December 2024 ● सूर्योदय: बिहान ६:५१ बजे ● सूर्यास्त: साँझ ५:१८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# रवि लामिछानेलाई मुद्दैमुद्दा

## सम्पत्ति जफत माग, सांसदबाट निलम्बित



*सम्पत्ति शुद्धीकरण ऐन २०६४ को दफा २७ अनुसार मुद्दा दर्तापछि पद स्वतः निलम्बन हुने व्यवस्था छ । कानूनमा भनिएको छ, 'प्रचलित कानुनबमोजिम स्थापित संगठित संस्थाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्रसेवक यस ऐनबमोजिम थुनामा रहेकामा त्यसरी थुनामा रहेको अवधिभर र निजउपर दफा २२ बमोजिम मुद्दा दायर भएकामा मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्र सेवक स्वतः निलम्बन भएको मानिनेछ ।'*

**मधेशदृष्टि**
**वीरगंज ।**
सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुरमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेसहित विभिन्न व्यक्तिहरु अदालतको कठघरामा उभ्याइएका छन् । कात्तिक २ गते पक्राउ परेका रवि लामिछानेविरुद्ध आइतबार मुद्दा दायर भएको हो । सम्पत्ति शुद्धिकरणमा पनि मुद्दा दर्ता भएपछि लामिछानेको सांसद पदसमेत निलम्बनमा परेको छ । लामिछाने पत्नी निकिताको समेत सम्पत्ति जफतका मुद्दा पनि दायर भएको छ । 'नयाँ र जान्ने' भनेर उदाएको संसदको चौथो शक्ति रास्वपामा यो मुद्दा दायरसँगै अन्यौल र आक्रोश छाएको छ । नेपाली जनता पनि नेपालको राजनीति देखेर विरक्तिएर नयाँ रोज्दा नयाँ पनि 'कानै चिरेको' परेको हो कि भनेर अरु विरक्तिएका छन् । जिल्ला सरकारी वकिल कार्यालयल कास्कीले आइतबार लामिछानेविरूद्ध जिल्ला अदालतमा मुद्दा दर्ता गरेको हो ।

दर्ता भएको मुद्दामा लामिछानेसहित, गितेन्द्रबाबु (जिबी) राई र छविलाल जोशीको पनि सम्पत्ति जफत गर्न माग गरिएको छ । लामिछानेसँगै जिबी राईका साझेदार रामप्रसाद खनाल, लिला पछाई र कृष्ण गुरूङविरूद्ध सहकारी ठगीमा मुद्दा दायर भएको छ । गुरूङबाहेक अन्यविरूद्ध पनि सम्पत्ति शुद्धिकरण र संगठित अपराध कसुरमा मुद्दा दायर भएको छ । उनीहरूविरूद्ध एक अर्ब ५१ करोड रुपैयाँ बिगो मागदाबी भएको छ । सूर्यदर्शन सहकारीको बचत रकम अपचलनमा रवि लामिछानेविरूद्ध मात्रै ३ करोड ३७ लाख रुपैयाँ बिगो माग दाबी भएको छ ।

अभियोगपत्रमा लामिछानेले सहकारीको ३ करोड ३७ लाख ६५ हजार रुपैयाँ अपचलन गरेको र सोही बराबरको बिगो मागदाबी भएको हो । सहकारी ठगीमै छविलाल जोशीविरूद्ध ५ करोठ २६ लाख ६५ हजार रुपैयाँ बिगो माग भएको छ । अनेरास्ववियु क्रान्तिकारीका निवर्तमान महासचिवसमेत रहेका पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन पासाङका छोरा दिपेश पुनविरूद्ध सहकारी ठगीमा दुई करोड १४ लाख ८ हजार ८ सय ४३ रुपैयाँ बिगो माग भएको छ । यस्तै, सरकारी वकिल कार्यालयले रवि लामिछानेको सम्पत्ति शुद्धिकरणमा २७ करोड ८९ लाख ४४ हजार ७ सय ५ रुपैयाँ बिगो माग गरेको छ । लामिछानेसँग सहकारी ठगी र सम्पत्ति शुद्धीकरणमा ३० करोड ७१ लाख रुपैयाँ भन्दा बढी बिगो दाबी भएको छ ।

**सम्पत्ति जफत माग**

सम्पत्ति शुद्धीकरणमै पूर्वडिआइजी छविलाल जोशीको ७४ करोड ३४ लाख ७१ हजार ५५ रुपैयाँको स्रोत नखुलेको हुँदा सोही बराबरको रकम मागदाबी भएको छ । स्रोत नखुलेको रकम असुल गर्न रवि लामिछानेसँगै उनकी श्रीमती निकिता पौडेल, लिला पछाई, उनकी आमा राधा पछाई, दिदी गिता पछाई, पूर्व डिआइजी छविलाल जोशी, उनकी श्रीमती पद्मा जोशी बन्जाडे र छोरा रोचक जोशीको पनि सम्पत्ति जफत गर्न माग भएको छ ।

**६३ जना प्रतिवादी**

जिल्ला सरकारी वकिलको कार्यालय, कास्कीकी सहायक जिल्ला न्यायाधीवक्ता शान्तिदेवी शर्माले ३१ जनालाई प्रतिवादी बनाएर अभियोग पत्र दायर भएको बताइन् । सहकारी ठगीमा ३१ जना, संगठित ठगीमा १९ जना र सम्पत्ति शुद्धीकरणको मुद्दामा ४ जना जोडिएका छन् । सम्पत्ति शुद्धीकरणमा रवि लामिछाने, छविलाल जोशी, लिला पछाई र रामबहादुर खनालाई मुद्दा दायर गरिएको हो । शर्माका अनुसार पोखराको सूर्यदर्शन सहकारी प्रकरणमा मूल अभियोग पत्र, थप अभियोग पत्र र पूरक अभियोग गरेर ६३ जनालाई प्रतिवादी बनाइएको छ । प्रतिवादीबाट १ अर्ब ५१ करोड रुपैयाँ बिगो माग गरिएको छ ।

**संगठित अपराध**

जिल्ला सरकारी वकिल कार्यालय कास्कीले रास्वपा सभापति रवि लामिछानेसहित १८ जनालाई संगठित अपराधको कसुरमा अभियुक्त बनाएर आइतबार अदालतमा मुद्दा दायर गरेको छ । कास्की जिल्ला अदालतमा दायर अभियोगपत्रमा लामिछानेसहित १८ जनालाई संगठित अपराधमा सजाय गरी जरिवानासमेत माग गरिएको छ । संगठित अपराधमा अभियुक्त बनाइएकामा रास्वपा सभापति लामिछाने, पूर्वडिआइजी छविलाल जोशीसहित १८ जना छन् । अरू प्रतिवादीमा रामबहादुर खनाल, पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका छोरा दिपेशकुमार पुन, नेत्रपाणि बास्तोला, देवेन्द्रबाबु राई, विज्ञान राई, विशाल तामाङ, नवीन अछामी, रविना रिमाल, असरफ अली सिद्दिकी, दीपक लामा, अनन्तबाबु राई, ओमप्रकाश गुरुङ, किरणबहादुर रानाभाट, दीपा न्यौपाने, कल्पनाकुमारी श्रेष्ठ र लक्ष्मीप्रसाद पौडेल छन् ।

**सहकारी ठगी**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेसहित ३१ जनाविरुद्ध सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा मुद्दा दायर भएको छ । यस्तै, थप पाँचजना र आठ कम्पनीलाई कसुरजन्य सम्पत्ति जफत प्रयोजनका निम्ति विपक्षी बनाइएर मुद्दा दायर भएको छ । अभियोगपत्र दायर गरिएकामध्ये आठजना थुनामै छन् । बाँकी २३ जना फरार छन् । प्रतिवादी बनाइएका रवि लामिछाने, छविलाल जोशी, रामबहादुर खनाल, दिपेशकुमार पुन, नेत्रपाणि बास्तोला, देवेन्द्रबाबु राई, विज्ञान राई, लीला पछाई, विश्वविक्रम राई, विशाल तामाङ, नवीन अछामी, रविना रिमाल, असरफ अली सिद्दिकी, दीपक लामा, अनन्तबाबु राई, ओमप्रकाश गुरुङ, वीरबहादुर रानाभाट छन् ।

यस्तै, दीपा न्यौपाने, कल्पनाकुमारी श्रेष्ठ, ज्ञानबहादुर बम्जन, मीना गुरुङ, सूर्यध्वज न्यौपाने, आरती गुरुङ, लीलाबहादुर गुरुङ, पेशलकुमार राई, कृष्णबहादुर गुरुङ, देवकुमार नेपाली, शकुन्तला गुरुङ, मिश्रकुमारी गुरुङ, रितु ताम्राकार र लक्ष्मीप्रसाद पौडेललाई प्रतिवादी बनाइएको छ । सहकारी ठगीमा रास्वपा सभापति रवि लामिछाने, पूर्वडिआइजी छविलाल बन्जाडे जोशी र गोरखा मिडिया नेटवर्क प्रालिका अध्यक्ष गितेन्द्रबाबुर राई (जिबी)विरुद्ध कास्की जिल्ला अदालतमा मुद्दा दायर भएपछि सहकारी ठगी प्रकरणमा धेरैको ध्यान केन्द्रित भएको छ ।

**सांसदबाट निलम्बन**

मुद्दा दायरसँगै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको प्रतिनिधि सभा सांसद पद स्वतः निलम्बनमा परेको छ । लामिछानेविरूद्ध आइतबार कास्की जिल्ला अदालतमा सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरण कसुरमा मुद्दा दर्ता भएपछि लामिछानेको सांसद पद दोस्रो पटक निलम्बनमा परेको हो । २०७९ मंसिर ४ गते भएको निर्वाचनमा चितवनबाट जितेका रवि लामिछानेको नागरिकता प्रकरणमा पद गएपछि २०८० वैशाख १० गते भएको उपनिर्वाचनमा फेरि जितेर सांसद बनेका हुन् । सम्पत्ति शुद्धीकरण ऐन २०६४ को दफा २७ अनुसार मुद्दा दर्तापछि पद स्वतः निलम्बन हुने व्यवस्था छ । कानूनमा भनिएको छ, 'प्रचलित कानुनबमोजिम स्थापित संगठित संस्थाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्रसेवक यस ऐनबमोजिम थुनामा रहेकामा त्यसरी थुनामा रहेको अवधिभर र निजउपर दफा २२ बमोजिम मुद्दा दायर भएकामा मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्र सेवक स्वतः निलम्बन भएको मानिनेछ ।'

अर्थात् राष्ट्रिय स्वतन्त्र पार्टीका सभापतिको पद नै निलम्बन भएको छ । लामिछाने पार्टी सभापति र संसदीय दलका नेता पनि हुन् । लामिछानेको पद निलम्बन भएपछि रास्वपामा संसदीय दलका नेता चयन अर्को एजेण्डा बनेको छ । कास्कीको सूर्यदर्शन सहकारीको बचत हिनामिना प्रकरणको पूरक अनुसन्धान सकिएसँगै आइतबार सरकारी वकिलको कार्यालयले मुद्दा दायर गरेको हो ।

**कसलाई कति बिगो ?**

कास्की जिल्ला अदालतमा दायर भएको मुद्दामा रास्वपा सभापति रवि लामिछाने, गोरखा मिडिया नेटवर्कका तत्कालीन सञ्चालक गितेन्द्रबाबु अर्थात् ( जिबी) राई, तत्कालीन प्रबन्ध निर्देशक छविलाल जोशीलगायत कुल ६३ जनालाई प्रतिवादी बनाइएको छ । जिबी राईमाथि एक अर्ब ८६ करोड ७३ लाख १९ हजार ५ सय ८ रुपैयाँ बिगो दाबी गरिएको छ ।

रामबहादुर खनालमाथि १४ करोड ३० लाख ९१ हजार ९ सय ११ रुपैयाँ बिगो दाबी गरिएको छ भने लिला पछाईमाथि २४ करोड ६७ लाख ७ हजार ३४ रुपैयाँ बिगो दाबी गरिएको छ । निकितासहित पाँच जनालाई उनीहरूको साथमा रहेको केही सम्पत्ति जफत गर्ने प्रयोजनका लागि प्रतिवादी बनाइएको छ । कसुरमा संलग्न नभएको असम्बन्धित व्यक्तिको खातामा कसुरबाट आर्जन भएको सम्पत्ति रहेको भेटिएमा 'जफत गर्ने प्रयोजन' का लागि प्रतिवादी बनाउने चलन हुन्छ । आरोपितहरूको साथमा रहेको सम्पत्ति अपराधबाट आर्जन भएको ठहरिए अभियोगमा मागदाबी भएअनुसारको सम्पत्ति मात्रै जफत हुन्छ, तर अरु दण्डसजाय हुँदैन । त्यसरी प्रतिवादी बनाइएकाहरूमा पद्मा बन्जाडे, रोचक जोशी, राधा पछाईं र गीता पछाईंको सम्पत्ति जफत गर्नुपर्ने मागदाबी गर्दै प्रतिवादी बनाइएको हो ।

**४२७ पृष्ठको अभियोगपत्र**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्ध दायर भएको अभियोगपत्र ४२७ पृष्ठ लामो छ । रवि लामिछानेमाथि राज्यले प्रतिशोध साध्यो भनिरहेका बेला जिल्ला सरकारी वकिल कार्यालयले आइतबार कास्की जिल्ला अदालतमा ४ सय २७ पृष्ठको अभियोगपत्र दायर भएको छ ।

**'पूरक'ले पोल्यो सबैलाई**

कास्कीको सूर्यदर्शन सहकारीको बचत हिनामिना प्रकरणको पूरक अनुसन्धानपछि आइतबार मुद्दा दायर भएको हो । सरकारी वकिल कार्यालयका अनुसार हिनामिना एवम् अपचलन भएको बिगोमध्ये मूल अभियोग पत्रमा खुलाइएको १ हजार ३५ जना बचतकर्ताको जम्मा बिगो एक अर्ब ११ करोड ४० लाख ४५ हजार ३५ रुपैयाँ सत्र पैसा छ । यस्तै, कुल बिगो १ अर्ब ५१ करोड रुपैयाँ छ । जिल्ला सरकारी वकिल कार्यालयले सहकारी ठगीमा गतवर्ष मुद्दा दायर भएका १९ जनाविरूद्ध कसूर र बिगो थप गर्दै पूरक अभियोगपत्र शुक्रबार नै अदालतमा दर्ता भइसकेको थियो । सहकारी ठगीका मुख्य योजनाकार जिबी राईलाई संगठित अपराध, सम्पत्ति शुद्धिकरण र राष्ट्र बैंक ऐनविरूद्धको कसूरमा मुद्दा चलाइएको हो ।

**भाइरल फोटोमा छानबिन**

केही दिनअघि सामाजिक सञ्जालमा सार्वजनिक भएको रवि लामिछानेको हिरासतभित्रको भाइरल तस्बिरबारे छानबिन गर्न समिति गठन भएको छ । गण्डकी प्रदेश तालिम केन्द्रका प्रमुख एसएसपी मुकुन्द मरासिनीको नेतृत्वमा छानबिन समिति गठन गरिएको हो । समितिले ३ दिनभित्र छानबिन गरी प्रतिवेदन बुझाउने गण्डकी प्रदेश प्रहरी प्रमुख डिआइजी भोलाबहादुर रावलले जानकारी दिए । घटनाको प्रकृति हेर्दा प्रहरीकै तर्फबाट गम्भीर लापरबाही भएको देखिने भाइरल तस्बिर कसले भाइरल गरायो भनेर व्यक्ति खुलिसकेको प्रहरीको दाबी छ । कास्की प्रहरी प्रमुख एसपी श्यामबाबु ओलियाले छानबिन आन्तरिकरूपमा शुरु भइसकेको बताए । कास्की प्रहरी परिसरभित्र ६ वटा हिरासत कक्ष छन् । २० वटा सिसिटिभी क्यामेराले हिरासत कक्षलाई नियन्त्रण गरेको छ । लामिछाने हिरासतको 'सिंगल' कोठामा थिए । सार्वजनिक भएको तस्बिर डिसेम्बर १४ तारिखको दिउँसो ३ बजेर ५८ मिनेट १७ सेकेण्ड जाँदाको हो । तस्बिर सार्वजनिक भएपछि एकातिर मानवअधिकार हनन् र अर्कोतिर प्रहरी परिसरको 'सुरक्षा थ्रेट'लाई उदांगो बनाएको सुरक्षाका जानकारहरू बताउँछन् ।

**चार जिल्लाको बाँकी**

यो मुद्दा कास्कीको सूर्यदर्शन सहकारी संस्थाको रकम अपचलनको मात्रै हो । यस्तै प्रकृतिका अरु मुद्दा रुपन्देही, चितवन, काठमाडौ, पर्सामा पनि छन् । त्यहाँका सहकारी ठगी मामलामा प्रहरीले आफ्नो अनुसन्धान अदालतमा बुझाउनै बाँकी छ ।



**काव्य सन्ध्या:** मिथिला नाट्य कला परिषद्का कलाकारले जनकपुरधाममा प्रस्तुत गरेको जानकी लीला । तस्बिरः मधेशदृष्टि

# संघीय हिन्दू गणतन्त्र माग गर्दै धर्ना




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
संघीय हिन्दू गणतन्त्र स्थापनाका लागि राष्ट्रिय एकता अभियान, जनकपुरले जनकपुरस्थित जानकीचोकमा धर्ना दिएको छ । कार्यक्रममा संघीय हिन्दू गणतन्त्र मागलाई जोडदार रूपमा उठाउँदै विभिन्न वक्ताले बोलेका थिए । धर्नामा मनीष पुर्बे, उर्मिला देवी महतो, पंकज झा, दिपेन्द्र झा, प्रवीण राय, इन्दल पासवान, राम प्रमोद महतो, र सम्भु साहलगायतको उपस्थिति थियो । आयोजकले संघीय हिन्दू गणतन्त्र स्थापनाका लागि जनस्तरमा जागरण अभियानलाई तीव्र बनाउने र यस्ता कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ । जानकीचोकमा भएको कार्यक्रममा स्थानीयको उत्साहजनक सहभागिता थियो । अभियानले आगामी दिनमा अझ प्रभावकारीरूपमा जनचेतना फैलाउने योजना रहेको र धार्मिक तथा सांस्कृतिक सम्पदा संरक्षणलाई प्राथमिकता दिने जनाएको थियो ।

# 'अजबे भ गेलै, अइबेर हिम नै खसल'

**मनाङ ।**
हेमन्तयामसङे देशभैर क्रमशः ठण्ढा बइढ़ रहल छै । हिमाली जिला मनाङलगायत क्षेत्रमे त अत्यधिक ठण्ढा भ रहल अइछ । अइ ठाँमक नदी, खोला, धाराक पाइन जइम रहल छै मुदा अइबेर हिमँ नै पड़ल अइछ । मुख्य समयेमे हिमँ नै खसलाक बाद स्थानीय चकित बनल छैथ ।

स्थानीय हिमपात हेबाक समयमे हिमँ नै खसलाक बाद नियमित चक्र नाश होएबाक आ कृषि उत्पादन घट्बाक चिन्तामे छैथ । मनाङ ङिस्याङ गाउँपालिका–१ पिसाङके याङदुङ गुरुङ कहै छैथ, 'हमरासभ खेती किसानी आ पशुपालन क जीव रहल लोककेँ समस्या भेल अइछ । हिमँ नै खसलाक बाद पाइन नै होइछै, पाइन नै हएत तँ खेती नै हएत । कि थाह कि भेलै ! आइ काइल समयमे हिमे नै झरै छै ।' समयमे हिमँ नै खसलाक बाद सिँचाइक अभावमे मुख्यतया किसानकेँ समस्या भेल गुरुङके कहब छैन । 'हिमँ खसल रहतियै तँ खेती सेहो सपरतियै, मुदा एखन तँ पाइने नै पहुँचतै । किसानकेँ त प्रकृति सेहो ठकै छै,' ओ कहलैन ।

किछ साल पहिलेधैर हिमँसँ अइठाँमक हिमाल उज्जर सपसप होइ छलै । पर्याप्त पाइनसँ किसान 'मानो रोपी मुरी उब्जाउने' काजमे व्यस्त रहै छलैथ । एखनि त हिमाल नै हिमाले उज्जर छै नै तँ किसान सजह रूपमे खेती क सकत ।

प्रमुख जिला अधिकारी मातृका आचार्य सेहो चकित छै । हिमँ बिना खसले ठण्ढा अत्यधिक बढल छै, हुनकाकेँ प्राकृतिक नियमे बदैल गेल महसुस भ रहल अइछ । 'जिलाक अधिकांश ठाँममे ठण्ढाक कारण पेयजलसेहो जमल छै मुदा हिमँ नै खसलै । प्रकृतिक भरोसमे खेती करएबला किसान निराश छैथ ।'

पर्यटन व्यवसायी समिति मनाङके अध्यक्ष विनोद गुरुङ विगत किछ सालसँ हिमँ खसबाक समय बदलैत गेल बतौलैन । अइसँ उत्पादन घटैत गेल आ खेतीबाली परिवर्तन करबाक अवस्था आएल हुनक अनुभव अइछ । 'हिमेके पाइनसँ सिँचाइ होबाक एत हिमे नै रहत तँ पाइनक अभाव भ गेल छै । प्राकृतिक स्वभाव बदैल गेल, आब हमरासभ कोना बदलबै ? एना अवस्थामे कोना अनुकूल बनब !,' गुरुङ जिज्ञासा सुनेलैथ ।

स्थानीय फुर्वा छिरिङ लामा सेहो अइ ठाँमके हावापाइनमे परिवर्तन भेल अनुभव केलैन अइछ । ओ कहै छथिन, 'एखनधैर हिमँसँ उज्जर धपधप रहै छलै घर बाहर जाएमे सेहो वा कामकाजमे सेहो मुश्किल होइत रहए । एह ! आब त बिना हिमँ खसने ठण्ढा मात्रे बढल छै । ई त अजब छै ।' रासस

# एनपिएलसँ नेपालमे क्रिकेटके व्यावसायिक सम्भावना बढल अइछः मुख्यमन्त्री

**जनकपुर ।**
मधेश प्रदेशक मुख्यमन्त्री सतिशकुमार सिंह नेपाल प्रिमियर लिग (एनपिएल) नेपालमे क्रिकेटके व्यावसायिक सम्भावना बढौलक अइछ कहैत एहन प्रतियोगितासँ खेल पर्यटनकेँ बढावा देबाक आधार तैयार भेल उल्लेख केलैन अइछ ।

एनपिएलमे जनकपुर वोल्टस् जीत हासिल कएलाक बाद प्रतिक्रिया दैत मुख्यमन्त्री सिंह अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगिताके लेल नेपालके खेलाडीसभ तैयार छैथ, से सन्देश संसार समक्ष पहुँचल बतौलैन । खेल एकता, सद्भाव आ सहिष्णुताक भावना विकसित कएल उल्लेख करैत ओ एनपिएल आ एहन प्रतियोगिता नेपाली क्रिकेटके अब्बल स्तरकेँ रहल उल्लेख केलैन ।

एनपिएलके अन्तिम तथा निर्णायक खेलमे जनकपुर बोल्ट्सके जीत प्रदेशक खेलाडीसभके आत्मबल, प्रतिष्ठा तथा उत्साहमे वृद्धि भेल मुख्यमन्त्री सिंहके कहब छैन । ओ प्रदेशक धार्मिक तथा सांस्कृतिक शहर जनकपुरधामसङ जुटल नाम आ प्रदेशवासीक भावमे बनल जनकपुर बोल्ट्स विजयी भेलासँ मधेश प्रदेशक बासीमे रहल खेलप्रतिक निष्ठा अभिव्यक्त भेल बतौलैन ।

मुख्यमन्त्री सिंह प्रतियोगिता अवधिभैर जनकपुर बोल्ट्सद्वारा भेल उत्कृष्ट आ आनन्दायक प्रदर्शनसँ प्रदेशवासीमे अन्तिम खेलसमेत जीतबाक विश्वास आ टीम अपन कुशल रणनीति, उच्च मनोबल आ धीरतापूर्ण खेलसँ प्रदेशवासीक भरोसा साकार केने बतौलैथ । मुख्यमन्त्री सिंह जनकपुर बोल्ट्सके हौसला बढेबाक लेल शनिदिन काठमाण्डूस्थित त्रिवि क्रिकेट मैदान आएल छल । मधेश प्रदेशक खेलकुद क्षेत्रक समग्र विकाशक लेल प्रदेश सरकार प्रतिबद्ध रहल मुख्यमन्त्री सिंह बतौलैन । रासस

# सभापति लामिछानेविरुद्ध अदातलमे अभियोग पत्र पेस

**गण्डकी ।**
सहकारीके बचत रकम अपचलनके आरोपमे पकड़ाएल जिला प्रहरी कार्यालय, कास्कीके हिरासतमे रहल राष्ट्रिय स्वतन्त्र पार्टीक सभापति रवि लामिछानेविरुद्ध कास्की जिला अदालतमे आइ अभियोग पत्र पेस भेल अइछ ।

जिला अदालतके सूचना अधिकारी सुरज अधिकारी सभापति लामिछानेसहित सहकारी ठगीके आरोपित अन्य व्यक्तिविरुद्ध सेहो अभियोग पत्र पेस भेल जानकारी देलैन अइछ । 'एखन अभियोग पत्र रुजु भ रहल अइछ, लामिछानेलगायतविरुद्ध आइए मुद्दा दर्ता हएत, अदालतमे आवश्यक प्रक्रिया आगू बढ़ल अइछ,' ओ कहलैन ।

पोखराक सूयदर्शन बचत तथा कर्जा सहकारी संस्था लिमिटेडके बचत रकम अपचलन कएल आरोपमे लामिछाने कातिक २ गते काठमाण्डूसँ पकड़ाएल छलैथ । हुनकाउपर कास्कीसहित अन्य जिलासमेत सहकारी ठगीके आरोपमे अनुसन्धान भ रहल अइछ ।

# प्रधानमन्त्रीद्वारा जनकपुर बोल्ट्स सम्मानित

**काठमाण्डू ।**
प्रधानमन्त्री केपी शर्मा ओली नेपाल प्रिमियर लिग (एनपिएल)के पहिल संस्करणके उपाधि विजेता जनकपुर बोल्ट्सके खेलाडी तथा व्यवस्थापकलगायतकेँ बधाइसहित सम्मान केलैन अइछ । प्रधानमन्त्री निवास बालुवाटारमे आइ भेल कार्यक्रममे प्रधानमन्त्री ओली उत्कृष्ट प्रदर्शनके साथ नेपाली क्रिकेटके स्तर उपर उठेबाक लेल ओइ टीमक खेलाडी, नेपाल क्रिकेट सङ्घके पदाधिकारी आ व्यवस्थापककेँ बधाइ देलैन अइछ । शैनदिन कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयक क्रिकेट मैदानमे भेल खेलमे जनकपुर बोल्ट्स सुदूरपश्चिम रोयल्सकेँ पराजित करैत उपाधि प्राप्त केने छल ।

प्रधानमन्त्री ओली आगामी दिनमे आओर पैघ सफलता लेल शुभकामना दैत विश्वमे ख्यातिप्राप्त ब्याटर नेपाली सेहो भ सकैत छै देखाबै लेल आत्मबल, सीप आ उत्साह कायम होए, कामना सेहो केलैन । 'ई सम्पूर्ण नेपालीक जीत छियै, नेपाली क्रिकेटके जीत अइछ, प्रतियोगितामार्फत अहाँसभक असाधारण क्षमता देखाओल गेल अइछ । उपविजेता सुदूरपश्चिम रोयल्स सेहो बढिया प्रदर्शन केलक, कठोर चुनौतीक सामना करैत जीत हासिल करबाक लेल जनकपुर बोल्ट्सके खेलाडीसभ बधाइके पात्र छथिन,' प्रधानमन्त्री ओली कहलैथ, 'आगामी दिनमे आओर पैघ सफलता लेल हम शुभकामना दैत छी ।' हम प्रधानमन्त्री बनलाक बाद कीर्तिपुरस्थित क्रिकेट मैदानके स्तरोन्नतिसम्बन्धी पहिल निर्णय केने उल्लेख करैत ओ एहिके लेल बोलपत्र आह्वान भ चुकल बतौलैन ।

ओ नेपालक खेल क्षेत्रके विकाशक लेल अपन आ सरकारक प्रयास निरन्तर होबाक बतौलैन । ओहि अवसरपर नेपाल क्रिकेट सङ्घ आ खेल व्यवस्थापकसभ नेपालमे विदेशी खेलाडी अनबाक आ खेल क्षेत्रमे विदेशी लगानी वा सहयोग अनबाके प्रक्रिया झन्झटिया भेल उपराग व्यक्त कएने छलैथ । जवाफमे प्रधानमन्त्री ओली तेहन अवस्थाके नै होबाक लेल सरकारद्वारा आवश्यक सहजीकरण होबाक प्रतिबद्धता व्यक्त कएलैथ । सङ्घके अध्यक्ष चतुरबहादुर चन्द सरकार क्रिकेट खेलकेँ प्राथमिकतामे राखलापर धन्यवाद दैत विदेशक बढिया खेलाडीके श्रम स्वीकृतिसम्बन्धी झन्झटिया प्रक्रिया अन्त करेबाक आग्रह केलैन । जनकपुर बोल्ट्सके कप्तान आशिफ शेख प्रधानमन्त्री ओलीसँ भेट क बधाइ आ सम्मान ग्रहण केलाक बाद हमरासभ खुसी भेल छी, प्रतिक्रिया देलैन । रासस

# मुग्लिन–काठमाण्डू सड़क आइसँ दैनिक तीन घण्टा बन्द हएत

**चितवन ।**
मुग्लिन–काठमाण्डू सड़क आइसँ दैनिक तीन घण्टा बन्द रहत । स्तरोन्नतिसहित निर्माणाधीन ओइ सड़क विस्तारक क्रममे घुम्तीलगायत किछ स्थानमे कटान करबाक भेलासँ आइसँ इएह पुस १३ गतेधैर दैनिक भोर ११:०० सँ दुपहर २:०० बजेधैर बन्द होबाक नागढुङ्गा–मुग्लिन सड़क आयोजना जनौलक अइछ । आयोजना सूचना जारी करैत उक्त राजमार्ग भ क काठमाण्डू आवत–जावत सवारीचालक लेन अनुशासन पालन क सवारी चलेबाक आग्रह केलक अइछ ।

उक्त समयमे एम्बुलेन्स, प्रहरीक सवारी आ दमकलजकाँ अत्यावश्यक सवारीसाधनमे रोकावट नै होबाक जनौलक अइछ । नागढुङ्गा–मुग्लिन सड़क योजना पश्चिम खण्डके इन्जिनियर विजय दराईके अनुसार पोखरेभिर मोड सुधारके लेल नौबिसेसँ गजुरीदिस जाएबला भारी सवारीसाधन गल्छी–बैरेनी आ हलुक सवारीसाधन जरेखेतमे रोकल जाएत । तहिना चितवनदिससँ नौबिसे जाएबला सवारीसाधन चालिसे आ घाटबेँसीमे रोकल जाएत । विशालटार मोड़ सुधारक लेल मुग्लिनसँ मलेखु जाएबला सवारीसाधन मझिमटार आ चरौंदी बजारमे रोकल जाएत । रासस

# भूकम्पसँ आठ घरमे क्षति आओर विवरण सङ्कलन भ रहल

**बाजुरा ।**
जिलाक जगन्नाथ गाउँपालिका गोत्री केन्द्रबिन्दु बना शैनदिन भोरमे ग्व्ल पाँच दशमलव दू रेक्टरक भूकम्पसँ भेल प्रारम्भिक क्षतिक विवरण सार्वजनिक कएल गेल अइछ । नओटा स्थानीय तहमे खटल सुरक्षाकर्मीद्वारा सङ्कलन कएल गेल तथ्याङ्कअनुसार आठ घर पूर्ण रूपमे आ किछुमे आंशिक क्षति भेल विवरण सार्वजनिक कएल गेल अइछ ।

जिला प्रहरी कार्यालय बाजुराक जानकारीअनुसार बूढीनन्दा नगरपालिका–२ मे स्थानीय कल्पना बुढाके दू टा घर, वाड नं ४ मे स्थानीय जनक बोहरा, वाड नं ९ पाण्डुसैनमे पदम सार्कीके घरमे पूर्ण क्षति भेल अइछ ।

एहिना सएह नागरपालिका–३ मे स्थानीय धनी बोहरा, साइमल रोकाया, घनश्याम बुढा, तिने चदारा, मानसिंह थापा भोटेके घरमे आंशिक क्षति भेल अइछ । सएह ठामँके कैलाश अतिथि गृहके भवनमे सेहो क्षति भेल अइछ । जिला प्रहरी कार्यालयाके सूचना अधिकारी जनक बहादुर बोहरा भूकम्प स्वामीकार्तिक खापर गाउँपालिका–१ क स्थानीय दशरथ वि.क, आनन्द विक, चम्फे विक आ मन विकके घरमे सेहो क्षति भेल बतौलैन । भूकम्पके केन्द्रबिन्दु रहल गोत्रीमे एक सओ २३ परिवार जोखिममे रहल वाड कार्यालय जनौलक अइछ । सएह विवरणबारे वाड नं ५ कार्यालयसँ जिला विपद् व्यवस्थापन समितिमे सिफारिस प्राप्त भेल निमित्त प्रमुख जिला अधिकारी रुपक मण्डल जानकारी देलैन अइछ ।

वाड कार्यालयसँ आएल विवरण अन्य स्रोतसँ सेहो यकीन करबाक काज भ रहल ओ बतौलैन । अइ ठाँमक अन्य पालिकामे भेल क्षतिके विवरण स्थानीय प्रहरी चौकीमार्फत सङ्कलन भ रहल जनौलक अइछ । प्रभावितसभकेँ ठण्ढासँ बचेबाक लेल तत्काल राहत आ उद्धारक कार्यमे स्थानीय सरकारकेँ धीयान देबाक लेल स्थानीयक मांग अइछ । नागरिक समाजके अगुवा दीर्घराज पाध्याय समस्यामे भेलासँ सबकेँ तत्काल अत्यावश्यक सहयोग सामग्री उपलब्ध करेबाक आग्रह केलैन ।

# पुस अन्तिम हप्तासँ पाइपलाइनेसँ पेट्रोल आ मट्टितेल आनल जाएत

**काठमाण्डू ।**
नेपाल आयल निगम एहि पुसक अन्तिम हप्तासँ भारतक मोतिहारीसँ पाइपलाइनसँ डिजेलक संगहि पेट्रोल आ मट्टितेल आनबाक तैयारी क रहल अइछ । निगम २०७६ सालसँ पाइपलाइनक माध्यमसँ मोतिहारीसँ अमलेखगञ्जधैर डिजेल आयात क रहल अइछ ।

पेट्रोल, डिजेल आ मट्टितेल आयात करबाक लेल बनाओल गेल 'मल्टी प्रोडक्ट पाइपलाइन'सँ पेट्रोल आ मट्टितेल आनबाक काज अम्तिम चरणमे छै, निगमक मधेश प्रादेशिक कार्यालयक प्रमुख प्रलयङ्कर आचार्य जानकारी देलैथ । निगम परियोजनाक दोसर चरणक अन्तर्गत पाइपलाइनसँ पेट्रोल आ मट्टितेल आनबाक काजक परीक्षण सफल क चुकल अइछ ।

प्रमुख आचार्य कहलैग, 'पाइपलाइनसँ परीक्षण रूपमे पेट्रोल आ मट्टितेल अमलेखगंज आनल गेल अइछ, भण्डारणक लेल डिपोकेँ भीतर नव पाइपलाइन आ ट्याङ्क बनाओल गेल अइछ । हाल ओहि संरचनामे 'चार्ज' करबाक आ मीटरक गुणस्तर परीक्षणक काज चइल रहल अइछ ।'

निगम पाइपलाइनसँ वितल आसिन १८ गते पाँच हजार पाँच सौँ किलोलिटर पेट्रोल आ अगहन २६ गते एक हजार किलोलिटर मट्टितेल अमलेखगंज उतारल छल । आब निरन्तर पाइपलाइनसँ डिजेलक संगहि पेट्रोल आ मट्टितेल आनबाक स्थिति निगमक बइन गेल अइछ। पेट्रोलियम पदार्थक संवेदनशीलताकेँ ध्यानमे राइख विस्तृत परीक्षणक काज चइल रहल अइछ ।




'छोट छोट 'लिकेज' भ सकैत अइछ कि नै, एहिपर सूक्ष्म रूपसँ निगरानी क रहल छी। एहि महिनाक अन्तिम सातामे पाइपलाइन परियोजनाक दोसर चरणक काज उद्घाटन करबाक योजना अइछ।

एकर बाद क्रमशः पाइपलाइनसँ पेट्रोल आ मट्टितेल अमलेगञ्ज आनल जाएत,' कार्यालय प्रमुख आचार्य राससँ कहलैथ, 'ट्रक ट्याङ्करक तुलना पाइपलाइनसँ पेट्रोलियम पदार्थक आयातमे बहुते सुरक्षित मानल जाइत अइछ ।

पाइपलाइनसँ इन्धन आनबाक काज शुरू होइते, ट्रक ट्याङ्करक दुर्घटना, इन्धन चोरी आ मिसावट संगे पर्यावरण प्रदूषणक समस्या समाप्त होएत ।'

पाइपलाइनसँ दैनिक छ हजार किलोलिटर पेट्रोलियम पदार्थ अमलेखगञ्ज आनल जा सकैत अइछ, मुदा पेट्रोलियम पदार्थक मांग नै बढ़लाक कारणेँ पूर्ण क्षमतामे पाइपलाइन संचालनक स्थिति नै अइछ। 'दैनिक छ हजार किलोलिटर पेट्रोलियम पदार्थ आयात करबाक स्थिति निगमक अइछ,' प्रमुख आचार्य कहल, 'डिजेल, पेट्रोल आ मट्टितेल पाइपलाइनसँ आयात शुरू होइत, तखन पूर्ण क्षमतामे संचालन भ सकैत अइछ ।'

ई दक्षिण एसियाक पहिल अन्तरदेशीय पाइपलाइन परियोजना कहल गेल अइछ, जाहिक कुल लम्बाइ ६९.२ किमी अइछ। एहिमे भारत दिस ३३ किमी आ नेपाल दिस ३६.२ किमी अइछ। वि.सं २०७६ भादब २४ गते तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली आ हुनक भारतीय समकक्षी नरेन्द्र मोदी संयुक्त रूपसँ एहि परियोजनाक उद्घाटन केने छलाह।

निगमक मधेश प्रादेशिक डिपो अमलेखगञ्जसँ विराटनगर, भैरहवा, थानकोट, पोखरा, वीरगंज, जनकपुरमे स्थित डिपोमे इन्धन आपूर्ति होइत रहल अइछ। अमलेखगञ्जसँ स्थानीय स्तरक पम्पक लेल सेहो पेट्रोलियम पदार्थ बिक्री–वितरण होइत रहल अइछ ।

पूर्ण 'अटोमेशन'मे अमलेखगंज डिपो करीब पाँच दशकसँ संचालित अमलेखगञ्ज डिपो पूर्ण 'अटोमेशन'क दिशामे बइढ़ रहल अइछ। पाइपलाइन परियोजनाक दोसर चरणक अंतर्गत डिपोमे पेट्रोल, डिजेल आ मट्टितेल भंडारणक लेल चाइर टा नव 'भर्टिकल ट्याङ्क' बनाओल गेल अइछ। पाइपलाइनसँ आनल गेल पेट्रोलियम पदार्थक शुद्धता कायम राखबाक लेल दू टा 'ट्रान्समिक्स ट्याङ्क' आ अग्नि नियन्त्रण प्रणाली बनाओल गेल अइछ ।

ट्रक ट्याङ्करमे इन्धन भर्नाक लेल २४ टा पूर्ण स्वचालित 'लोडिंग–वे', अत्याधुनिक प्रयोगशाला सङे संरचना बनाक परीक्षण पूरा कएल गेल अइछ, परियोजनाक इंजीनियर प्रशान्त भट्टराई जानकारी देलैथ । '२४ टा लोडिंग–वेमे पेट्रोल आ डिजेल ट्याङ्कर भर्नाक लेल टॉप फिलिंग आ बॉटम फिलिंगक व्यवस्था कएल गेल अइछ,' हुनक कहब अइछ, 'भंडारण ट्याङ्क आ नव लोडिंग–वे करीब आठ सौँ मीटरक दूरीपर अइछ, जे डिपोक आओर सुरक्षित बना रहल अइछ ।'

देशमे पेट्रोलियम पदार्थक सहज आपूर्ति आ वितरण प्रणाली सुनिश्चित करबाक लेल वि.सं २०३० मे अमलेखगञ्ज डिपोक निर्माण शुरू भेल छल । करीब ६७ हजार सात सौँ २४ वर्गमीटरमे फैलल ई डिपोक निर्माण पूरा भ २०३३ माघमे संचालनमे आएल छल। ई देशक सबसँ पैघ डिपोके रूपमे मानल जाएत अइछ । रासस



# सिरहामा एकवर्षमा मानवअधिकार उल्लङ्घनका अठासी घटना

**मधेशदृष्टि**
**सिरहा ।**
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले जिल्लामा सन् २०२४ मा ८८ वटा मानवअधिकार उल्लङ्घनका घटना घटेको जनाएको छ । 'मानवअधिकार वर्ष पुस्तक सन्–२०२५'को समीक्षा कार्यक्रममा शनिबार इन्सेकले गैरराज्य पक्षबाट ८७ र राज्यपक्षबाट एउटा मानवअधिकार उल्लङ्घनको घटना घटेको जानकारी दिएको हो । इन्सेकका जिल्ला प्रतिनिधि दुर्गा परियारका अनुसार जिल्लामा बलात्कार, हत्या, बहुविवाह, घरेलु हिंसाजस्ता घटना घटेका छन् । उनका अनुसार यस अवधिमा १३ बालिका बलात्कार घटनाबाट पीडित भएका छन्भने छ बालिका यौन दुव्यवहारको घटनामा पीडित भएका छन् । त्यसैगरी, ११ वटा बलात्कारका घटना घटेको र सातवटा बलात्कार प्रयासका घटना भएका छन् । पाँच पुरुष र पाँच महिलाको परिवारजनबाटै हत्या भएको छ । बहुविवाहका सातवटा घटना घटेका छन् । गाउँनिकाला, झडप, ढुङ्गामुढा, नाकाबन्दी, आत्महत्या दुरुत्साहन, घरेलु हिंसालगायतका मानवअधिकार उल्लङ्घनका घटना घटेका छन् । स्थानीय तहहरूका न्यायिक समितिमा पीडितहरूले विश्वास नगरेको देखिएको छ । वर्ष पुस्तक समीक्षा कार्यक्रममा इलाका प्रहरी कार्यालय लहानका प्रहरी निरीक्षक शिव कट्टेलले प्रहरी जनशक्ति पर्याप्त नभएकाले अपराध नियन्त्रण र लागुपदार्थ दुव्र्यसनी न्यूनीकरणमा चुनौती देखिएको बताए । त्यसैगरी, मधेश प्रदेशसभाका सदस्य राजेन्द्रप्रसाद चौधरीले समाजमा हिंसा न्यूनीकरणका लागि कानुन कार्यान्वयनको पक्ष फितलो रहेको बताउँदै आम नागरिक सचेत हुनुपर्ने बताए ।



**उप–प्रमुख डंगोललाई स्वागत:** काठमाडौँ महानगरपालिकाका उप–प्रमुख सुनिता डंगोललाई आइतबार जनकपुरधाम उपमहानगरपालिकामा स्वागत गर्दै नगरप्रमुख मनोजकुमार साहलगायत । तस्बिरः निरंजनकुमार साह/रासस

# वीरगंज–पथलैया औद्योगिक कोरिडोरमा लोडसेडिङ्गले उद्योगी हैरान

**मधेशदृष्टि**
**वीरगंज ।**
पछिल्लो एक महिनादेखि नेपाल विद्युत प्राधिकरणले वीरगञ्ज–पथलैया औद्योगिक कोरिडोरमा अवस्थित उद्योग प्रतिष्ठानमा गरिरहेको अघोषित लोडसेडिङ्ग र बिना सूचना विद्युत कटौतीप्रति यस क्षत्रेका उद्योगी व्यवसायीहरुको गम्भीर ध्यानाकर्षण भएको छ । उद्योग प्रतिष्ठानहरुको अक्सिजनकै रुपमा रहेको विद्युतको नियमित आपूर्ति हुन नसकेकोबाट कोरिडोरका उद्योगहरु आफ्नो निश्चित क्षमताभन्दा धेरै कम क्षमतामा सञ्चालन भइरहेका छन् ।

आजभन्दा झण्डै ५–६ वर्ष अघि नेपाल विद्युत प्राधिकरणले घोषणा गरेको 'लोडसेडिङ्गमुक्त औद्योगिक क्षेत्र' तथा 'उज्यालो नेपाल' को नाराबाट उत्साहित भएका उद्योगी, व्यवसायी तथा सर्वसाधारण नेपालीहरु यताका दिनहरुमा बढ्दो विद्युत कटौती, गुणस्तरीय विद्युत आपूर्तिको अभावको कारण उद्योगहरुको उपकरण र कच्चा पदार्थ बिग्रिनुका साथै उत्पादन प्रक्रियामा समेत नकारात्मक असर परिरहेको उद्योगीहरुको भनाई छ । पर्सा–बारा औद्योगिक कोरिडोरका उद्योगहरुले विभिन्न समस्याहरु खेपिरहेकै बखत विद्युत कटौतीको समस्या झेल्नु पर्दा उद्योगीहरु मर्कामा परेका छन् । विद्युत कटौतीको बेला डिजी सेटबाट उद्योग सञ्चालन गर्नु पर्दा उत्पादन लागत बढ्न गई उद्योगहरुले आफ्नो प्रतिस्पर्धात्मक क्षमता गुमाउँदै गइरहेका छन् । त्यस्तै साना उद्योगहरुले विद्युत कटौतीको बेला डिजी सञ्चालन गर्न सक्ने अवस्था नभएकोले उद्योग नै बन्द राख्नु पर्ने अवस्था रहेको छ । वीरगंज–पथलैया औद्योगिक कोरिडोरमा अवस्थित औद्योगिक फिडरमा २४ घण्टामा १४÷१५ पटकसम्म ट्रिपिङ्ग भइरहेको कारण औद्योगिक उपकरण बिग्रिनुका साथै कच्चा पदार्थहरु नोक्सान भइरहेको छ । यस समस्याको समाधानका लागि लोडसेडिङको निश्चित समयावधि नै तोकी बाँकी समयमा गुणस्तरीय विद्युत आपूर्ति गर्नु पर्ने सङ्घको धारणा रहेको छ । उद्योगहरुबाट खपत भएको विद्युत महसुलको रकम जुन किसिमले नेपाल विद्युत् प्राधिकरणले असुल गर्ने गर्दछ सोही किसिमको गुणस्तरीय विद्युत आपूर्ति गर्नु पर्ने धारणा सङ्घको रहेको छ ।

# हृदयघातबाट थुनुवाको मृत्यु

**मधेशदृष्टि**
**महोत्तरी ।**
महोत्तरी कारागारका एक थुनुवाको हृदयघातबाट मृत्यु भएको छ । लागुऔषध दुव्र्यसन तथा कारोबार मुद्दामा पूर्पक्षका लागि थुनामा रहेका सिन्धुलीको कमलामाई नगरपालिका–७ का ३० वर्षीय निशाज सुनुवारको आइतबार मृत्यु भएको कारागार प्रशासनले जनाएको हो । जिल्ला अदालत महोत्तरीको आदेशमा छ महिनादेखि थुनामा रहेका उनलाई आइतबार बिहान स्वास्थ्यमा असजिलो महसुस भएपछि तत्काल जलेश्वर अस्पताल पु¥याइएको थियो । हृदयघातबाट उनको मृत्यु भएको चिकित्सकले जनाएका कारागारका सूचना अधिकारी रविनचन्द्र ठाकुरले जानकारी दिए ।

# डेढ लाख बढी प्रतिबन्धित क्याप्सुल बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
सशस्त्र प्रहरी बलले पुस ०६ गते पर्सा जिल्लाको वीरगंज महानगरपालिका–३ स्थित प्रगतिगरको एक किराना पसलबाट डेढ लाखभन्दा बढी लागुऔषध क्याप्सुल बरामद गरेको छ । सशस्त्र प्रहरीका सहायक प्रवक्ता नायव उपरीक्षक शैलेन्द्र थापाका अनुसार प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंजबाट सशस्त्र प्रहरी नायव उपरीक्षक सुरज रिजालको कमान्डमा खटिएको नं. १३ गण पर्सा, बिओपी सिर्सिया र वीरगंज भन्सार कार्यालयको संयुक्त टोलीले सोही ठाउँ बस्ने राजाराम महतो कोइरीले सञ्चालन गरेको सृष्टि किराना जेनरल स्टोरमा विशेष सूचनाको आधारमा शनिबार राति खानतलासी गरेको थियो । सो क्रममा पाँचवटा कार्टुनमा अवैध रूपले भण्डारण गरी राखिएको एक लाख ५१ हजार ८ सय ६० क्याप्सुल ट्रमाडोल हाइड्रोक्लोराइड नामक लागुऔषध बरामद भएको हो । स्टोर सञ्चालक कोइरीलाई समेत वीरगंज भन्सार कार्यालय अगाडिबाट सशस्त्र प्रहरी बलले नियन्त्रणमा लिएको छ । नियन्त्रणमा लिइएका कोइरीलाई बरामद लागुऔषधसहित आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाइएको छ ।

# क्रिसमसको अवसरमा सरसफाइ




**मधेशदृष्टि**
**वीरगंज ।**
क्रिश्चियन समुदायको मूख्य पर्व क्रिसमसको अवसरमा वीरगंज महानगरपालिका वडा नम्बर ११ मा सरसफाइ एवम् जनचेतना कार्यक्रम सम्पन्न भएको छ । वडा कार्यालयको आयोजना तथा वीरगंज ख्रीस्टियान चर्च र आराधना चर्चको सक्रिय सहभागितामा वडा नम्बर ११ को कार्यालय प्राङ्गणबाट शुरु भएको कार्यक्रम फूलबारी टोल, रानीघाट हुँदै ओम आश्रमस्थित वीरगंज चर्चमा पुगेर समापन गरिएको थियो । कार्यक्रममा वडा नम्बर ११ का वडा अध्यक्ष अजय कुमार चौरसिया, वडा सदस्यहरू, वडा सचिव तथा चर्चका धर्मगुरु एल्डर एम.सी. मेथ्यु, एल्डर प्रेम घिमिरे, आराधना चर्चका निरज आचार्य, चर्चका युवाहरू र वडा कार्यालयका सरसफाइ कर्मचारीहरूको सहभागिता रहेको थियो । 'आफ्नो वडा आफैँ सफा राखौँ, आफ्नो स्वास्थ्यमा आफैँ ध्यान दिऔँ' भन्ने नाराका साथ आयोजना गरिएको यस कार्यक्रमलाई सम्बोधन गर्दै वडा अध्यक्ष चौरसियाले यो अभियानलाई निरन्तरता दिँदै थप प्रभावकारी बनाउने धारणा व्यक्त गरे । सरसफाई अपरिहार्य भएको बताउँदै उनले रोगबाट मुक्त हुनका लागि र स्वस्थ जीवनयापनका लागि घरआगन तथा वातावरण सफा राख्नुपर्नेमा जोड दिए । कार्यक्रमले स्थानीय क्षेत्रमा सरसफाइप्रतिको चेतना बढाउन मद्दत पु¥याएको पर्सा ख्रिष्टियन समाजका अध्यक्ष रामप्रसाद घिमिरेले बताए । आउँदै गरेको क्रिसमसको अवसरमा सरसफाई गरिएको हो । यसअघि शनिबार मात्रै शुभकामना ¥याली निकालिएको थियो ।

# शिविरमा ७ सय भन्दा बढीको स्वास्थ्य परीक्षण




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल मेडिसिटी वयोधा अस्पताल र छिमेक लघुवित्त वित्तीय संस्थाको सहकार्यमा महागढीमाई नगरपालिका–७, दहियारमा आयोजित स्वास्थ्य शिविर सम्पन्न भएको छ । शिविरमा ७ सय भन्दा बढी स्थानीयले स्वास्थ्य परीक्षण गराएका छन् ।

शिविरमा नेपाल मेडिसिटी वयोधा अस्पतालका डा. मनबोध शाह, प्रसूति तथा स्त्रीरोग विशेषज्ञ डा. रुबिना ताम्राकार गुरुङ, हड्डी रोग विशेषज्ञ डा. सन्तोष साह र डा. प्रकाश यादवको नेतृत्वमा सेवा प्रदान गरिएको थियो । सहभागी बिरामीहरूलाई निःशुल्क औषधि वितरण गरिएको छ । शिविरमा रक्तचाप र सुगर परीक्षणजस्ता आवश्यक स्वास्थ्य जाँच नेपाल मेडिसिटीका नर्सिङ स्टाफ अलिम मियाँ र सुजाता चौधरीले सञ्चालन गरेका थिए ।

डा. मनबोध शाहले शिविरमा आएका बिरामीहरूमध्ये धेरैजसोमा सुगर र रक्तचापका समस्या देखिएको बताए । उनले मौसमी फ्लुको समस्या पनि केही बिरामीमा देखिएको जानकारी गराए । हड्डी रोग विशेषज्ञ डा. सन्तोष साहका अनुसार, धेरै बिरामीमा हड्डीसम्बन्धी समस्या समेत पाइएको छ । शिविरपछि अस्पतालले थप उपचार आवश्यक परेका बिरामीलाई नेपाल मेडिसिटी वयोधा अस्पतालमा विशेष सुविधा प्रदान गर्ने व्यवस्था मिलाएको छ । यसले स्थानीय बिरामीलाई सहज र गुणस्तरीय उपचार सुनिश्चित गर्ने लक्ष्य राखिएको छ । छिमेक लघुवित्त वित्तीय संस्थाकी प्रतिनिधि समीता लोहनीले नेपाल मेडिसिटी वयोधा अस्पतालसँग सहकार्य गरेर यस्तो जनमुखी कार्यक्रम आयोजना गर्न पाएकोमा खुसी व्यक्त गरिन् । उनले अल्पसमयमै ठूलो संख्याका बिरामीहरूको सेवामा समर्पित भएका चिकित्सक र स्वास्थ्यकर्मीहरूको योगदानको प्रशंसा गर्दै धन्यवाद व्यक्त गरिन् ।

# युवाहरुलाई सीप विकास तालिम

**मधेशदृष्टि**
**वीरगंज ।**
रोटर्याक्ट क्लब अफ वीरगंज मेट्रोपोलिसले नेपाल राष्ट्रिय उच्च विद्यालय, बर्वा छोटौल, पर्सागढी नगरपालिका वडा नं. ४ मा विशेष सीप विकास कार्यक्रम आयोजना गरेको छ ।

कार्यक्रमले युवाहरूको व्यक्तिगत र व्यवसायिक विकासलाई प्रोत्साहन गर्ने लक्ष्य राखेको थियो । कार्यक्रममा क्वेस्ट फार्मास्युटिकल प्रा. लि. का एचआर अफिसर विवेक कुमार चौबे र आलोक ठाकुर प्रशिक्षकका रूपमा सहभागी भई युवाहरूलाई विभिन्न अन्तरदृष्टिपूर्ण तालिम र गतिविधिबाट सीप अभिवृद्धि गर्न मार्गदर्शन गरे । कार्यक्रममा विद्यालयका प्रधानाध्यापक रामनारायण पटवारी, वडा नं. ४ का अध्यक्ष शेख खुर्सेद मियाँ, रोटर्याक्ट क्लबका उपाध्यक्ष रामबिनय गुप्ता, पूर्व अध्यक्ष अमित शर्मा, समुदाय निर्देशक नकुल गुप्ता, सदस्य रोशन यादवलगायत विद्यार्थीहरूको सहभागिता रहेको थियो । रोटर्याक्ट क्लब अफ वीरगंज मेट्रोपोलिसका अध्यक्ष उम्मेदवार रोहित गुप्ताले यस्ता कार्यक्रमहरूले युवाहरूको क्षमता विकासमा महत्वपूर्ण योगदान पु¥याउने विश्वास व्यक्त गर्दै भविष्यमा पनि निरन्तरता दिने प्रतिबद्धता जनाए । कार्यक्रमले स्थानीय समुदाय र विद्यार्थीहरूमा सकारात्मक ऊर्जा र प्रेरणा जगाउन सफल भएको छ । क्लबले यस्ता गतिविधिहरूलाई थप सशक्त बनाउँदै अघि बढ्ने उद्देश्य राखेको छ ।






मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

बिहान ५ बजे नै पिडिएफ उपलब्ध

PDF

मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।

सम्पादकीय

# सहकारीमा सुधारको आवश्यकता

अहिले देशमा सर्वाधिक चर्चाको विषय हो। सहकारी ठगी र रवि लामिछाने । आइतबारमात्रै रास्वपा सभापति रवि लामिछानेविरुद्ध सहकारी ठगीको कसुरमा एक अर्ब ५१ करोड ४० लाख बिगो माग गर्दै मुद्दा दायर भएको छ । सहकारी ठगीका आरोपमा पूर्व गृहमन्त्रीसमेत रहेका लामिछाने गत कात्तिक २ बाट पक्राउ परी अनुसन्धानका क्रममा थिए।

उनीमात्र होइन सहकारी ठगीको अरोपमा देशका थुप्रै भीआइपी यतिबेला पक्राउ परेर अनुसन्धानमा रहेका छन् । हाम्रो देश नेपालमा सहकारी आन्दोलन आर्थिक विकासको एक महत्वपूर्ण पाटो हो । तर पछिल्लो समय यो क्षेत्र बद्नामी खेप्न बाध्य छ। विशेषगरी सहकारी सञ्चालकहरुले यसलाई ठगी खाने माध्यम बनाएकाले यो क्षेत्रमाथि यतिबेला मानिसहरुमा अविश्वास पैदा भएको हो।

सहकारीले ग्रामीण तथा शहरी समुदायमा सहकारीले विशेष गरी आर्थिक सशक्तीकरण, रोजगारी सिर्जना, र स्थानीय स्तरको विकासमा योगदान पु¥याएको छ । तर, पछिल्लो समय सहकारी क्षेत्रले नकारात्मक पक्षहरूलाई पनि उजागर गरिरहेको छ । सहकारीहरूको बद्मासी र अनियमितताले यस क्षेत्रलाई बदनाम बनाउँदैछ। धेरै सहकारी संस्थाहरूमा पारदर्शिताको अभाव छ। सदस्यहरूबाट संकलित रकमको दुरुपयोग, झुट्टा प्रतिवेदन प्रस्तुत गर्ने र व्यक्तिगत लाभका लागि सहकारीलाई प्रयोग गर्ने जस्ता गतिविधिहरु भइरहेको पाइन्छन्।

यस्ता गतिविधिले सदस्यहरूको लगानी जोखिममा पार्छ। कतिपय सहकारीहरूमा नेतृत्वकर्ताहरूको मनोमानी चलाइएको छ । सदस्यहरूको सल्लाह विना निर्णय गर्ने, आफन्तलाई उच्च पदमा राख्ने र नाफाको उपयोग व्यक्तिगत लाभका लागि गर्ने चलन बढ्दो छ । सरकारका तर्फबाट सहकारीहरूको नियमन गर्ने कानूनी व्यवस्था छ, तर यसको कार्यान्वयन प्रभावकारी छैन । निरीक्षण र अनुगमनमा ढिलासुस्ती, भ्रष्टाचार र कानूनी प्रक्रियाको अभावले बद्मास गर्न खोज्नेलाई सघाएको छ।

एकका लागि सबै, सबैको लागि एक भन्ने आदर्श भावनामा सहकारी सञ्चालन हुनुपर्ने हो । आफ्ना सदस्यहरुको आर्थिक, सामाजिक, साँस्कृतिक विकासका लागि सदस्यहरुको बीचमा मात्र कारोबार गर्ने गरी स्थापित संस्था नै सहकारी हो। यसको उद्देश्य आफ्ना सदस्यहरुको बचत तथा सुलभ रुपमा ऋण प्रवाह हो । तर, कतिपय सहकारीहरूले ठूला लगानीकर्तालाई प्राथमिकता दिने, गरिब तथा सीमान्तकृत सदस्यहरूको माग उपेक्षा गर्ने प्रवृत्ति देखिन्छ । यस कार्यबाट उनीहरु समुदायमा अघि बढिरहेका छन् । सहकारीलाई बैँक जसरी चलाएर आफू मोटाउने, आफ्ना नातेदारलाई जागिर खाने थलो बनाउने, यसको गलत प्रयोगले आर्थिक लाभ लिनेजस्ता कार्य अहिले सहकारीमा भइरहेका छन् । सबैभन्दा दुःखदायी पक्ष नै यही हो की जुन उद्धेश्यका लागि सहकारी संस्था समुदायमा स्थापित भएका छन्, तिनको कार्य भने उल्टो गति पाइन्छ।

सहकारीमा जे जस्ता विकृति, विसङ्गति देखा परेका छन्, तिनलाई सुधार्नका लागि सरकारका तर्फबाट यसको नियमन तथा निरिक्षण गर्ने निकायले आफूलाई गम्भीरताका साग क्रियाशील गराउँनुपर्छ । यसका लागि सरकारले सहकारीका सदस्यहरूलाई कानूनी अधिकार र कर्तव्यबारे सचेत बनाउनु पनि पर्दछ । सहकारीहरूको वित्तीय गतिविधि डिजिटल प्रणालीद्वारा सार्वजनिक गरेको खण्डमा पनि यसमा गलत लाभ लिने कार्य रोकिन सक्छ । स्थापनाकालदेखि सहकारीको नेतृत्वमा एउटै व्यक्ति चयन हुने कार्य चलिआएको हुँदा यसलाई हटाउँन नेतृत्व छनोटमा लोकतान्त्रिक प्रक्रिया र योग्यताका मापदण्ड लागू गर्नुपर्छ । सहकारी क्षेत्रले नेपालको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्छ। तर, त्यसका लागि अनियमितता र बद्मासीलाई अन्त्य गर्न आवश्यक छ । सहकारीलाई आफ्ना मूल उद्देश्यमा केन्द्रित राख्न सदस्य, सरकार र सरोकारवालाहरूले आफ्नो–आफ्नो जिम्मेवारी इमान्दारीपूर्वक निर्वाह गर्नुपर्छ।

# वानस्पतिक रसायनको मानव स्वास्थ्यमा असर



डा. हितेशकुमार भट्टराई

मानवले आदिकालदेखि वनस्पतिको उपयोग गर्दै आएको छ । अधिकांश आहार उत्पत्तिदेखि नै वनस्पतिजन्य हुन्थे। अन्न, फलफूल र तरकारी सबै वनस्पतिजन्य आहार नै हुन् । आहारबाहेक,यी वनस्पतिलाई रोगव्याधी निवारणका लागि संसारका अनेकौँ ठाउँका मानिसले पहिल्यैदेखि जडीबुटीका रूपमा प्रयोग गर्थे। यस लेखमा प्राथमिक रूपमा पूरै प्रमाणित नभइसकेका विभिन्न रोगमा सहयोगी भूमिका खेल्ने वनस्पतिका रसायनको चर्चा गरिने छ।

प्रमाणित औषधि

पहिले चर्चा गरौँ, प्रमाणित औषधि के हो भन्नेबार ◌ी। कुनै पनि रसायनलाई औषधिका रूपमा पहिचान गर्ने प्रक्रिया लामो र खर्चालु छ। मानवमा औषधिको परीक्षण हुनुभन्दा अगाडि रसायनले काम गर्छ÷गर्दैन, कसरी काम गर्छ भनेर प्रयोगशालामा परीक्षण गर्नुपर्छ । यस परीक्षणमा खरो उत्रेपछि मात्र सो रसायन (केमिकल) कुनै जनावरमा सुरक्षित भए नभएको र रोगविरुद्ध उपयोगी भए÷नभएको जान्न अर्को परीक्षण गर्नुपर्छ । यी सबै परीक्षणमा खरो उत्रेपछि मात्र मानवमा परीक्षण गरिन्छ र त्यसको पनि तीन चरण हुन्छन्।

पहिलो चरणमा स्वस्थ मानिसलाई औषधिका विभिन्न मात्रा दिई औषधि सुरक्षित भए÷नभएको जाँच गरिन्छ । औषधि सुरक्षित भएको ठहर भए दोस्रो चरणमा औषधि रोगविरुद्ध उपयोगी भए÷नभएको परीक्षण गरिन्छ। दोस्रो चरणमा पनि खरो उत्रे तेस्रो चरणमा ठूलो रोगीको समूहमा औषधि सुरक्षित र उपयोगी भए÷नभएको जान्न परीक्षण गरिन्छ। यस परीक्षणमा खरो उत्रे मात्र औषधि अब वैज्ञानिक तवरले प्रमाणित हुन्छ।

वैज्ञानिक तवरले कैयौँ वनस्पतिका रसायन औषधि ठहरिएका छन्। लोठ सल्लामा पाइने ट्याकसोल क्यान्सरविरुद्ध औषधि प्रमाणित भएको छ । एलडोपा भन्ने वनस्पतिमै पाइने रसायन पारकिनसन्सविरुद्ध प्रयोग हुन्छ । रोगविरुद्ध औषधि प्रमाणित भइसकेका रसायनको लामो सूची छ। वनस्पति र औषधि विज्ञहरू वनस्पतिका नयाँ अथवा पुराना थाहा भएका रसायनलाई औषधिका रूपमा प्रमाणित गर्न लागि परेका हुन्छन्।

औषधि प्रमाणित भइसकेकाबाहेक वनस्पतिमा अरू कैयौँ रसायन हुन्छन् । जीव (सबै प्राणी र वनस्पति) मा पाइने रसायनलाई साधरणतया दुई वर्गमा वर्गीकरण गरिन्छ । प्राथमिक रसायन सबैजसो जीवमा पाइन्छन्। दोस्रो प्रकारका रसायन कुनै–कुनै जीवमा मात्र पाइन्छ । दोस्रो प्रकारका रसायन मात्र वनस्पतिमा ५० हजारभन्दा बढी हुने अनुमान छ । यस्ता रसायनको धेरैजसो स्वरूप जटिल हुन्छ। यिनीलाई शुद्ध रूपमा निकाल्न पनि जटिल हुन्छ । धेरैजसो दोस्रो प्रकारका वनस्पतिजन्य रसायनलाई चारपाँच वर्गमा विभाजन गर्न सकिन्छ । यी रसायन वनस्पतिले आफ्नो प्रतिरक्षाका लागि धेरैजसो उत्पादन गरेको हुन्छ। मानव, अरू जनावर र कीराले यिनको सेवन गर्छन्। कति रसायन फाइदाजनक हुन सक्छन्। अरू कति रसायन हानिकारक मात्र नभई कहिलेकाहीँ विष नै पनि हुन सक्छन्।

दोस्रो प्रकारका वनस्पतिजन्य रसायन धेरैजसो एन्टाइअक्सिडेन्ट पनि हुन्। जीवले खानाबाट शक्ति निकाल्दा अक्सिजनको प्रयोग गर्ने गर्छ । अक्सिजनको प्रयोगले प्रतिक्रियाशील पदार्थको उत्सर्जन हुन्छ । यिनै प्रतिक्रियाशील पदार्थले विभिन्न रोगहरू लगाउने र आयु घटाउने अनुमान छ । यी पदार्थले डीएनए, प्रोटिन र फ्याटलगायत तत्त्वलाई ड्यामेज (हानि) गर्छन्। क्यान्सर,मधुमेह,रक्तचाप,मुटुरोग, एलजाइमर्स र पार्किन्सन्सलगायत रोग यिनै प्रतिक्रियाशील पदार्थ धेरै उत्सर्जन भएर लाग्ने अनुमान छ । धेरैजसो वनस्पतिका रसायनले यी प्रतिक्रियाशील पदार्थलाई कम मात्रामा निष्क्रिय पार्न मद्दत पु¥याउँछन् । धेरै मात्रामा केही रसायनले प्रतिक्रियाशील पदार्थको बढी उत्पादन गरेर कोषहरूलाई मार्न सहयोग पु¥याउँछन्। कोष मार्ने प्रक्रिया पनि क्यान्सर उन्मुलनमा काम लाग्न सक्छ। वनस्पतिका रसायनले मानवको प्रतिरक्षा प्रणालीलाई पनि असर गर्छन्। मानवको प्रतिरक्षा प्रणाली प्राथमिक रूपमा जीवाणुसँग जुझ्न बनाएको हो । पहिला पहिला धेरै मानिस जीवाणुबाट संक्रमित भएर मर्थे । जीवाणुबाट बचाउने नै काम हुन्थ्यो प्रतिरक्षा प्रणालीको पनि। तर प्रतिरक्षा प्रणालीले धेरै काम गरेको पनि राम्रो हुन्न भने हालसालै पत्ता लागेको छ । क्यान्सर, मुटुरोग, सोरायोसिसलगायत धेरै रोग प्रतिरक्षा प्रणाली ज्यादा सक्रिय भएरै लाग्ने अनुसन्धानले देखाएका छन् । यस्ता रोगको रोकथाम गर्न पनि वनस्पतिका रसायनले काम गर्न सक्छन्।

मानवको प्रतिरक्षा प्रणालीमा विभिन्न कोषहरू सक्रिय हुन्छन् । रोगको रोकथाम हुने गरी वनस्पतिका रसायनले यी कोषहरूलाई असर गर्ने अनुसन्धानले देखाएका छन् । त्यस्तै, प्रतिरक्षा प्रणालीमा इन्फ्लेमासोम भन्ने प्रक्रिया हुन्छ, जुन विभिन्न रोगमा बढी मात्रामा सक्रिय हुन्छ । वनस्पतिका कैयौँ रसायनले यस प्रक्रियालाई मत्थर बनाउने अनुसन्धानले देखाएका छन्।

औषधिका रूपमा प्रमाणित नभए पनि १० वटा जति वनस्पतिका रसायनको व्यापक प्रयोगशालामा परीक्षण तथा केही मानवमा परीक्षण भएका छन्। यस्ता रसायनमा गोलभेँडामा पाइने लाइकोपिन, हरियो चियामा पाइने क्याटेचिन, अंगुरमा पाइने रेसभरेटोल, गेडागुडीमा पाइने आइसोफ्लाभोन, चकलेटमा पाइने केरेसिटीन, बेसारमा पाइने कुरक्युमिन र ब्रोकाउलीमा पाइने सलफोराफेन पर्छन् । यी रसायनले प्रयोगशाला अनि जनावरको परीक्षणमा रोगविरुद्ध एकदम राम्रो नतिजा देखाएका थिए । तर विस्तृत मानवीय परीक्षण गर्दा भने नतिजा सन्तोषजनक आएको छैन । त्यसो हुँदा, अहिले नै यी रसायनलाई औषधिको संज्ञा दिन मिल्दैन । विभिन्न देशका खाना र औषधिसम्बन्धी संस्थाहरूले पनि यिनलाई औषधि मानेका छैनन्।

यी रसायनलाई लिएर प्रयोगशालामा धेरै अनुसन्धान भने भएका छन्। मानव कोष र शरीरमा लगभग २० हजार विभिन्न प्रकारका प्रोटिन हुन्छन्। यीमध्ये कति प्रोटिनसँगै काम गरेर सञ्जाल बनाउँछन् । धेरैजसो औषधिको रूपमा काम गर्ने रसायनले एउटा प्रोटिन अथवा एउटा सञ्जाललाई मात्र असर गर्छ। तर यी वनस्पतिमा पाइने रसायनले १०–१५ वटा सञ्जाललाई असर गरेको अनुसन्धानले देखाएको छ। एउटा वनस्पतिमा सय जति रसायन भए र एउटै रसायनले १०–१५ सञ्जालमा असर गरे अनुमान लगाउन सकिन्छ, एउटै खानाले मानवीय शरीर र कोषमा व्यापक असर गर्छ।

अझ यस्तो खालको असरको प्रयोग रोग लाग्नबाट रोक्नका लागि गर्न सकिन्छ । यस्तो प्रयोगलाई किमोप्रिभेन्सन भन्ने गरिन्छ । विशेष गरी मुटुसम्बन्धी रोग लाग्नुभन्दा अगाडि विभिन्न लक्षण देख्न सकिन्छ। कोलेस्टोरोल तथा रक्तचाप उच्च हुनु मुटुको रोगका कारक हुन् । विभिन्न औषधिको सेवनबाट यी लक्षणको नियन्त्रण गर्दा मुटुको रोग लाग्नबाट बच्न सकिन्छ । त्यस्तै, वनस्पतिजन्य रसायनको सेवनले पनि विभिन्न सञ्जाललाई असर गर्दै मुटुको रोग र क्यान्सर लाग्नबाट बचाउन सक्छ । अहिलेसम्म विभिन्न मानव परीक्षण भए पनि कुनै पनि रसायनले क्यान्सर अथवा मुटुरोग लाग्नबाट बचाउने प्रमाणित भइसकेको छैन। शायद एउटा मात्र रसायन नभएर विभिन्न खानामा पाइने विभिन्न रसायन एकै पटक प्रयोग गर्दा रोग लाग्नबाट बचाउँछ कि? यो कुरा परीक्षण गर्न बाँकी नै छ।

भनेपछि वनस्पतिका रसायन तीन तरिकाका हुन्छन् । पहिलो प्रकारका प्रमाणित औषधि हुन्। यिनलाई औषधि होइन कसैले भन्दैन । दोस्रो प्रकारका रसायन प्रयोगशालामा अब्बल ठहरिएका छन्। तर मानवीय परीक्षणमा खरो उत्रिन सकेका छैनन् । यिनलाई औषधि भन्न मिल्दैन । तर कतिले स्वास्थ्यलाई फाइदा हुन्छ भनेर प्रचारप्रसार गर्छन्। तेस्रा खालका धेरैजसो रसायनमा एन्टाइअक्सिडेन्ट र एन्टाइइन्फ्लामाटोरी गुण हुन्छन् । यिनीलाई प्रयोगशाला र मानवमा खासै परीक्षण गरिएको छैन । तर जनमानसमा यिनी पाइने वनस्पतिको औषधीय गुण हुन्छ भनेर कतिले प्रचारप्रसार गर्छन्। विज्ञानले फड्को मारिसकेको भए पनि, अनि विभिन्न देश र संस्थाले खानासम्बन्धी निर्देशिका बनाइसके पनि व्यवहारमा वनस्पतिको रोग निवारण क्षमता विषयमा अझै पनि धेरै भ्रम समाजमा कायम नै छ। कसैले भन्छ घाँटी दुखेमा बोझोको टुक्रा मुखमा राख्नुपर्छ । अरूले भन्छन् खोकी लागे तुलसी पानी पिउनुपर्छ। ओलीले भन्थे कोरोनाबाट बच्न बेसारको प्रयोग गर्नुपर्छ । जब विज्ञान लाइकोपिनले प्रोस्टेट क्यान्सर रोक्न सक्छ भन्न तयार छैन, यी माथिका भनाइ मान्न पनि पक्कै तयार छैन।

आम नागरिक मात्र नभएर वैज्ञानिक पनि बेलाबखतमा लेख लेख्छन्ः यी १० वटा वनस्पतिको सेवनले मुटुरोगबाट बचाउँछ । यस्तो किसिमको सन्देश गलत हो । जबसम्म वैज्ञानिक रूपमा पूर्ण प्रमाणित भइसक्दैन, कुनै पनि तथ्यलाई सत्य हो भन्न मिल्दैन । बरु मुटुको रोगबाट बच्ने जुनजुन तरिका प्रमाणित भइसकेका छन्, तिनको प्रचारप्रसार गर्नुपर्छ । जस्तै, नियमित व्यायाम गरे मुटुरोगबाट बच्न सकिन्छ।

विज्ञान दर्शन विपरीतका आयुर्वेद र होमियोप्याथी अहिले पनि हाम्रो समाजमा जरा गाडेर संस्थागत भएर बसेका छन् । प्रमाणबिना विभिन्न जडीबुटी मिसाएर त्यसलाई औषधि भन्नु विज्ञानविपरीत हो। होला, यस्ता औषधिले मानव स्वास्थ्यलाई खासै हानि नगर्लान् । तर पनि अन्तिम कुनै पनि उपाय नभएको अवस्थामा मात्र यिनको सेवन जायज हुन सक्छ।

कतिले परीक्षण भएको औषधिको अतिरिक्त हानिकारक प्रभाव हुने तर जडीबुटीको नहुने जिकिर गर्छन् । सो तर्क गलत छ । परीक्षण भएका औषधिको सबै हानिकारक प्रभाव अनुसन्धान भएर थाहा भएको र लेखिएको हुन्छ । तर जडीबुटीको हानिकारक प्रभाव अनुसन्धान नभएकोले थाहा नै हुँदैन । औषधि र जडीबुटीबीचको फरक यति मात्रै हो।

अन्तिममा औषधि प्रमाणित भइसकेका वनस्पतिका रसायन डाक्टरले दिएअनुसार सेवन गर्न कुनै पनि तरिकाले हिचकिचाउनु पर्दैन । प्रशोधन नगरिएका सकेसम्म धेरै प्रकारका वनस्पति आफ्नो खानामा प्रयोग गर्न विज्ञानले सबैलाई सिकाउँछ। त्यसो हुँदा धेरै प्रकारका रसायन खाइने सम्भावना हुन्छ, त्यसले मानव शरीरलाई हित गर्छ। माथि देखाइएका कारणले वनस्पतिजन्य अन्य रसायनले रोग निको पार्छन् अथवा रोक लाग्नबाट रोक्छन् भन्न सकिएन । यिनलाई औषधि मान्न अहिलेकै अवस्थामा मिल्दैन। उकालो

# समय नचिनेका माधव र समयमा नचलेका वामदेवबीच पुनर्मिलनको घडी



विश्वमणि सुवेदी

घडीले समय दिन्छ, यो उसको एकमात्र र अन्तिम शर्त हो। त्यसो त बिग्रिएको घडीले पनि २४ घण्टामा दुई पटक सही समय दिन्छ, तर बिग्रिएपछि घडी थन्क्याइन्छ र हातमा अर्कै बाँधिन्छ।

राजनीतिसँग घडीको नाता घनिष्टमात्र हैन, अपरिहार्य छ। २०७७ सालको पुस ५ गतेसम्म नेपाली राजनीतिमा वामदेव गौतम भन्ने 'घडी' को महत्व जे थियो, ६ गतेदेखि त्यस्तो रहेन । घडी बन्द भयो, बिग्रियो । हामी 'वामदेव' ब्रान्डको घडी पहिरिनेका शान र मान अलग्गै थियो, तर पुस ५ मा बन्द भयो। त्यसपछि हाम्रा नाडीमा अर्कै घडी बाँधियो । त्यसको नाम 'प्रचण्ड–माधव समूह' भयो।

आज वामदेव भन्ने घडी बौरिँदैछ। माधव नेपाल नेतृत्वको एकीकृत समाजवादीले निर्णय गरेरै उनीसँग कुरा गर्ने भनेको छ। उनी चाहिँ 'मलाई काम चाहियो' भन्दै एमालेको च्यासल मुख्यालयसम्म पुगे । काम दिएन । अब उनी एकीकृत समाजवादी हुन्छन् कि एमाले, त्यो उनको तजबिजको कुरा हो, तर राष्ट्रिय राजनीतिमा 'वामदेव' भन्ने घडीले समय दिने संकेत गरेको छ । त्यो घडीको चाल चल्यो र ग्रीनविच टाइमसँग मेल खायो भने राजनीति अनेक ढर्राले तरंगित हुन्छ।

भलै हिजो 'वामदेव' घडी पहिरिनेहरु सबै एकातिर छैनन् । सबैले रुचिअनुसारको घडी फेरिसके । धुकधुकी जोगाएर बसेका डीबी कार्कीहरुले उनलाई ढिलै भए पनि बौराउन सफल भए। उनीहरुलाई शुभकामना छ।

वामदेव एकीकृत समाजवादीमा गए भने उक्त पार्टीका निम्ति त्यो घटना एउटा 'प्राण' का रुपमा हाजिर हुन्छ। हुने अरु केही होइन, तरंग चाहिँ छाउँछ । वामदेव लागिदिएर न लाखापाखा भएका उनका सबै मान्छे एक ठाउँमा आउने हो न त वामदेव समाजवादी भयो भनेर एमाले पंक्तिबाट मेची–महाकाली उर्लिएर त्यता जाने हो । वामदेव भनेको राजनीतिक बजारमा बिक्री हुने बोली र व्यक्तित्व हो।

'नाम हो या बदनाम हो पर गुमनाम न हो' भने जस्तो नेपाली समाजमा एकीकृत समाजवादीको नाम, बदनाममध्ये जे जति छ, वामदेव हुँदा गुमनाम चाहिँ हुँदैन। त्यसैले घडी चल्दा समय दिन्छ, समयले तरंग ल्याउँछ भन्नेमात्रै हो । त्यो कुरा पनि एकीकृत समाजवादीका निम्ति 'ठूलो' हुन्छ । तसर्थ माधव नेपालहरुले आफ्नो पार्टीलाई चर्चाभित्रै राख्नुछ भने पनि वामदेवका निम्ति रातो कार्पेट ओछ्याए फरक पर्दैन।

'माल पाएर चाल पाइएन' भने व्यर्थ हुन्छ। यो पनि समयसँगै जोडिएको कुरा हो। जनतामा एक किमिसको आकर्षण पैदा गर्नसक्ने पात्रलाई एकीकृत समाजवादीले विगतमा जति सदुपयोग गर्नुपर्थ्यो, सकेन। जस्तो कि रामकुमारी झाँक्री। सत्य के हो भने सडकमा माधव नेपाल, झलनाथ खनालहरुसँगै रामकुमारी झाँक्री निस्किँदा माधव र झलनाथभन्दा बढी मानिस रामकुमारीसँग झुम्मिन्छन् । किनभने आजका आममानिसले इतिहास र योगदान पढेर नेता मान्ने–नमान्ने हैनन् । उनीहरुले तत्कालीन घटनाक्रममा आधारित भएर नेताबारेका धारणा बनाउने हुन्।

२०२७ सालको झापा विद्रोह, कोअर्डिनेशन केन्द्र, २०३६ सालको विद्यार्थी आन्दोलन र २०४६ सालको संयुक्त जनआन्दोलन इतिहासका गौरवलायक घटना हुन्, तर समकालीन पुस्ता त्यता जाँदैन । त्यो पुस्ताले बढी सोधखोज ग¥यो भने २०६२÷०६३ को जनआन्दोलन बुझ्ने हो। त्यतिबेला जन्मिएका मानिस आज १८–१९ वर्षका भए । ती यो देशका मतदाता हुन् । जसले जेसुकै भने पनि बढीमा ३०–३५ वर्ष उमेर समूहका युवाका बीचमा जसको आकर्षण छ, उही राजनीतिमा हावी हुन्छ । त्यसैले आजको राजनीतिक बजारमा माधव नेपालभन्दा रामकुमारीका फ्यान बढी छन्।

शंका छैन, राजनीतिमा लागेर माधव–झलनाथले आफ्नो जीवन र जवानी भनेनन्। पूरै आन्दोलनका निम्ति समर्पण गरे। उनीहरुले त्यति नगरिदिएको भए २०४६ को परिवर्तन र एउटा ख्यातिप्राप्त कम्युनिष्ट पार्टीको निर्माण हुन्थ्यो कि हुँदैन थियो ? यी प्रश्न जीवित हुन्थे । आजको बजार रामकुमारीहरुको हो। एकीकृत समाजवादीले उनलाई एकपछि अर्को गर्दै रुवाइरह्यो। रुँदैरुँदै उनले सबै घटना सहिरहिन्, तर रुवाउनेहरुलाई धोका दिएर हैन, आँसु पुछेर साथ दिँदैछिन्।

यदि समयमै चाल पाएको भए रामकुमारीबाट आजसम्म उक्त पार्टीले अनेकथोक आर्जन गर्न सक्थ्यो । गरिमा शाह सुदूरपश्चिको इञ्चार्ज भइन्, तर 'अनररी इन्चार्ज' जस्तो । यदि लुम्बिनीमा रामकुमारीलाई बनाइएको भए उनी चाहिँ 'एक्ज्युकेटिभ इन्चार्ज' हुन्थिन् । त्यहाँका स्थापित युवा कम्युनिष्ट राजु गुरुङहरु पनि आज पार्टीमै हुन्थे। सरिता श्रीस जस्ता नयाँ छिमलका थुप्रै युवायुवती एकीकृत समाजवादीमै लामबद्ध हुन्थे । स्वयं रामकुमारीले गुल्मीमा गोकर्ण विष्टसँग झिनो मतान्तरले चुनाव हार्नुपर्ने थिएन, तर 'माल छ' भन्ने कुराको चाल पार्टीले ढिलो पायो। त्यहाँ बिग्रिने कुरा बिग्रिसक्यो । अब सपार्ने मौका थोरै छ।

हिन्दीमा भनिए जस्तो 'समय–समय कि बात है।' १२ बजे गर्नुपर्ने काम साढे ११ बजे गरेर हुँदैन। १२ बजेर पाँच मिनटमा गर्छुभन्दा पनि हुँदै । १२ बजेको काम १२ बजे नै गर्नुपर्छ। माधव नेपालको कमजोरी हो कि उनी समयलाई 'समय'मै चिन्दैनन् । २०७७ सालको फागुन–चैतमै फुटाइसक्नुपर्ने पार्टी २०७८ सालको भदौमा फुटाए । भदौसम्म पुग्दा आधाउधी मान्छे फाटिए । कतिले उनलाई पत्याएनन्। कतिका कुनै उपाय थिएन र उनीसँग लागे। कतिपयले बल गरेर भए पनि विभाजनमा पु¥याउनुपर्छ भने।

२०७९ को चुनावमा एमालेले जहाँबाट भए पनि टिकट दिएको भए आज माधव नेपालको पोल्टामा 'वौद्धिक र तार्किक' नेता पर्ने थिएनन् । घनश्याम भुसाल नेपालको राजनीतिमा वैचारिक दृष्टिकोणमा 'विकाउ' माल हुन्, 'टिकाउ' हैनन्। उनका तर्कपूर्ण र गहन अध्ययनशीलताको लाभ राजनीतिमा रुचि राख्नेहरुले मनग्यै लिएका छन्, तर टिकाउ भएनन्। टिक्ने भए उनी १० बुँदेको फण्डामा लाग्ने नै थिएनन्, शुरुदेखि माधवसँगै हुन्थे । फेरि एमाले भएर टिकट नपाएपछि माधवसँग फर्किने पनि थिएनन्। उनी एउटा 'पोलिटिकल ग्ल्यामरस', अर्थात् आकर्षणका पात्र हुन् भन्नेमा शंका छैनन्। घडी बन्द गरेर एमाले भए। घडी बौरिँदा माधव नेपालतिर जानुपर्छ भन्ने बुझेर गए, तर उनी गए, बाँकी कोही गएनन्। नामहरु यहाँ नलेखौं । नेताले समय नचिन्दा, समयसम्मत नचल्दा नेपाली राजनीतिले थुप्रै क्षति व्यहोरेको छ।

जतिबेला एमाले विभाजित भइरहेको थियो, समय त्योभन्दा फरक किसिमले अगाडि बढिसक्यो। पहिलो संसद विघटनमा चुपचाप बसेको र दोस्रो विघटनमा सडकमा ओर्लिएको नेपाली कांग्रेस आज एमालेको सत्ता सहयात्री छ । २०७८ सालमा माधव नेपालले फ्लोर क्रस गरिदिएर शेरबहादुर देउवा प्रधानमन्त्री बनेका हुन् । माधवहरुले त्यसो गरिदिँदा घाटमा पुगिसकेको कांग्रेस बौरियो । त्यसबापत २०७९ सालको आमनिर्वाचनमा कांग्रेसले माधवका निम्ति देशभरका २० वटा प्रत्यक्ष सीट छाडिदियो। १० वटामा जित्यो। एउटा पनि जित कांग्रेसका साथविना सम्भव थिएन। आखिर माधवहरुले कांग्रेसलाई एकचोटी न गुण लगाएका थिए। त्यो गुणको बदलामा कांग्रेसले पनि एकचोटी गुन लगाइदियो । एकचोटीको गुण तिरेपछि फेरि–फेरि पाइराखिन्छ भनेर आश गर्नुहुँदैन। किनभने समयसँगै सन्दर्भहरु तलमाथि परिरहन्छ।

घाटतिर लगिँदै गरेको कांग्रेसलाई जीवनबुटी दिन माधव नेपालले पार्टी फुटाइदिए । त्यसपछि कांग्रेसको तर्फबाट लेनादेन राफसाफ भइसक्यो । अब फेरि फेरि पनि ऊबाट आश नगरे हुन्थ्यो । किनभने आज उसको घनिष्टता एमालेसँगै छ । देउवा त्यहाँ छन्, जहाँका मूली माधवहरुलाई मिल्ने भए देश र धर्तीबाटै निकाला गर्न तयार छन्।

हिजो चाहिनेभन्दा बढी प्रचण्डको पछि लाग्दा उनले २०८० फागुनमै माधवहरुलाई लात मारे। आफू एमालेसँग मिल्न गए। त्यसपछि सरकार बनाउन संख्याका लागि घरघरमा धाए । काम लिएपछि माधवको कुनै मूल्य स्वीकारेनन्। एमाले–कांग्रेस मिलेर २०८१ असारमा माओवादीलाई जोर लात्ती हान्दा त्यसको मारमा माधवहरु नै परे। प्रचण्डको आड भरोसामा पार्टी फुटाई–फुटाई शेरबहादुरलाई प्रधानमन्त्री बनाएबापत अहिले एकीकृत समाजवादी न प्रचण्डसँग न त शेरबहादुरसँग, कसैको रहेन।

अहिले माधव नेपालहरुले 'समय' लाई चिन्नुपर्ने समय हो । घडी ठीक १२ बजेमा चलिरहेको बेला १० बजेको हिसाब निकालेर हुँदैन। आन्दोलनको कार्यसूचीसहित अगाडि बढ्ने भनिँदैछ । आज आन्दोलन गरेर, जनतालाई 'इरिटेड' पारेर राजनीतिक प्राप्ति सम्भव छैन भन्ने कुरा माधव–घनश्यामलाई कसैले भनिदिए हुन्थ्यो । हामीले भन्दा 'पत्रकारको कामै नराम्रो भन्ने हो' भन्छन्।

२०७७ साल पुस ५ मा केपी ओलीले गरेको संसद विघटनका विरोधीमध्ये कांग्रेस र माओवादीले एमालेसँग स्वाद फेरी फेरी सत्ताभोग गरिसके । त्यसो गर्न माधव नेपालहरु केवल मोहरामात्र बनाइए। गठन भएका सरकारमा एक–दुई फ्याँकिएका वा अरुले नरुचाएका मन्त्रालय दिए । त्यसमा रमाई–रमाई तीन वर्षदेखिको राजनीति चल्दैछ।

त्यसैले अब समयलाई समीक्षा गर्ने बेला आयो। आज जति गते हो, जुन महिना र बार हो, अहिले जति बजेको छ, जति मिनेट र सेकेन्ड गएको छ, कमरेड, भोलि त्यो आउँदैन । रामकुमारी झाँक्री त जम्मा ४७ वर्षकी भइन्। ठीक उल्टो उमेर ७४–७५ का कमरेडका निम्ति समय छोटो छ।

त्यसै पनि पार्टीमा भएका र गतिला नेताले क्षमता अनुसारको भूमिका पाएका छैनन् । पार्टी धान्न धौ–धौ छ। हिजो एमाले हुँदा काम नलागेका मान्छेहरु एकीकृत समाजवादीमा नेता बनेर गुटबन्दीको दुर्गन्ध फिँजाइरहेका छन्। 'जसको हात, उही जगन्नाथ' प्रवृत्तिले पार्टी दुर्गन्धित छ।

त्यसैले अब न रवि लामिछाने जस्तो समयभन्दा १५ मिनेट अगाडि चलेर न त चित्रबहादुर केसी जस्तो समयभन्दा आधा घण्टा ढिलो चलेर राजनीतिक गन्तव्य भेटिन्छ । एकीकृत समाजवादीलाई मोहरा बनाई बनाई कांग्रेस र माओवादीले एमालेसँग सौदाबाजी गरिरहे, आआफ्ना स्वार्थ पूरा गरिरहे । यो मोहरा बनिएको समय कति लाभदायक छ, कति घातक छ ? यो पनि समयकै कुरा न हो। समीक्षा गरौं। आफू गलत हो भने आफैं मनन गरौं। सही हो भने पनि समयसम्मत चलौं, तर समयभन्दा न अगाडि चलौं न त पछाडि नै। नेपालप्रेस

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

# डेनमार्कको राजदूतमा तुलाधर नियुक्त

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले डेनमार्कका लागि नेपालको आवासीय राजदूतमा सुम्निमा तुलाधरलाई नियुक्त गरेका छन् ।
राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा, २८२ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा तुलाधरलाई आइतबार राजदूतमा नियुक्त गरेको राष्ट्रपतिको कार्यालयले जनाएको छ । रासस

# 'लैगिंक तथा यौनिक अल्पसङ्ख्यक' सवाललाई समावेश गर्नुपर्ने

**काठमाडौँ ।**
सङ्घीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा 'लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक' समुदायलाई पनि समावेश गर्नुपर्ने माग गरिएको छ ।
प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिले आज यहाँ आयोजना गरेको 'लैङ्गिक अल्पसङ्ख्यक समुदायको पहिचान (तेस्रो लिङ्गी, ट्रान्सजेन्डर, पारलिङ्गी–अधिकार र समावेशिकरण' विषयक छलफलमा सहभागी सो समुदायका अधिकारकर्मीले निजामती सेवामा प्रवेशका लागि यस्तो व्यवस्था गरिनुपर्ने गर्नुपर्ने माग गरेका हुन् ।
राज्य व्यवस्था तथा सुशासन समितिअन्तर्गतको उपसमितिबाट पास भएको सो विधेयक हाल छलफलकै क्रममा रहेको छ ।
सभासद् सुनिलबाबु पन्तले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका व्यक्तिले पनि निर्वाचनमा उम्मेदवार हुन पाउनुपर्ने र संसद्मा उनीहरुको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि साविकको निर्वाचनसम्बन्धी कानुनमा परिमार्जन गरिनुपर्नेमा जोड दिए ।
तेस्रो लिङ्गी (महिला) दीपक महर्जनले आफूहरूले नागरिकता नपाउँदा रोजगारी, शिक्षा र स्वास्थ्य उपचारलगायत सबै क्षेत्रको अधिकारबाट बञ्चित हुनु परेको भन्दै पहिचान खुल्ने गरी सहज रुपमा नागरिकता पाउनुपर्ने माग गरे । तेस्रो लिङ्गी (पुरुष) मधु केसीले राज्यले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायलाई रोजगारीको व्यवस्था गर्नुपर्ने माग गरे ।
छलफलमा सांसद हर्कमाया विश्वकर्मा, रोशन कार्की, कल्पना मियाँ कुमारी, शान्ति श्रेष्ठ, शोभा ज्ञवाली, सीताकुमारी राना, सुशीला श्रीपाली ठकुरी, आशा विक र लक्ष्मी तिवारीले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको नागरिकतासँगै समावेशीता,रोजगारी, शिक्षा र स्वास्थ्यलगायतका विषयमा गम्भीरतापूर्वक छलफल गरी त्यसको सुनिश्चितता गर्नुपर्नेमा जोड दिए । रासस

# केही नेपाल ऐन संशोधन विधेयकमाथि छलफल

**काठमाडौँ ।**
कानून, न्याय तथा मानव अधिकार समितिमा आइतबार केही नेपाल ऐन संशोधन विधेयकमाथि छलफल भएको छ ।
छलफलमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजय चौरसियाले केही नेपाल ऐन संशोधन विधेयकको दफा ६४ मा भएको व्यवस्था जनहितमा नभएकाले फिर्ता लिएको बताए । उनले तत्कालीन कानुनमन्त्री धनराज गुरुङले उक्त व्यवस्था जनहितमा नभएकाले संसद र समितिबाटै फिर्ता लिइसकेको बताए ।
'मुलुकी फौजदारी कार्यविधि ऐन, २०६४ मा संशोधनका लागि प्रस्ताव गरिएको सो व्यवस्था संसद् र समितिबाट फिर्ता लिइसकेको अवस्था छ,' मन्त्री चौरसियाले भने, 'उक्त दफाको व्यवस्थाबारे चौतर्फी विरोध भयो, त्यसैले फिर्ता दिइएको हो, आवश्यक परेमा दलहरुबीच छलफल गरेर अगाडि बढौँला ।'
मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को धारा ६४ मा संशोधनमा शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन मद्दा फिर्ता लिन सकिने व्यवस्था गरेको थियो । उक्त दफामा सशस्त्र द्वन्द्व वा भूमिगत रहेको राजनीतिक शक्ति शान्तिपूर्ण राजनीतिमा आए जुनसुकै अदालतको जुनसुकै तहमा रहेको मुद्दासमेत सरकारले फिर्ता लिनसक्ने प्रावधान थियो । उक्त कानुनको गलत प्रयोग हुन सक्ने आशंकाले विरोध भएको थियो ।
कानून मन्त्रालयका सचिव उदयराज सापकोटाले दफा ६४ फिर्ता लिएको र आवश्यक परे दलहरूबीच सहमति गरेर छुट्टै कानुन बनाउन सकिने बताए । सांसदहरूले भने उक्त दफामा भएको व्यवस्था समितिलाई जानकारी नै नदिइ हटाएको भन्दै हटाउनुपर्नाका कारणबारे जानकारी दिनेबारे आफ्नो धारणा राखेका थिए । रासस

# रवि लामिछानेसहित ४ जनाविरुद्ध सम्पत्ति शुद्धीकरणमा मुद्दा



**गण्डकी ।**
पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा मुछिएका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेसहित चार जनाविरुद्ध सम्पत्ति शुद्धीकरण कसुरमा जिल्ला अदालत कास्कीमा मुद्दा दायर गरिएको छ ।
जिल्ला सरकारी वकिल कार्यालयका सहायक जिल्ला न्यायाधिवक्ता शान्तिदेवी शर्माले लामिछानेसँगै रामबहादुर खनाल, छविलाल जोशी र लीला पछाइविरुद्ध आइतबार सम्पत्ति शुद्धीकरणको मुद्दा दायर गरिएको जनाकारी दिइन् ।
पूर्वगृहमन्त्री लामिछानेमाथि २७ करोड ८९ लाख ४४ हजार ७०० रुपैयाँ बिगो दाबीसहित मुद्दा दर्ता गरिएको उनले बताइन् । यस्तै, जोशीविरुद्ध ७४ करोड ३४ लाख ७१ हजार रुपैयाँभन्दा बढी बिगो दाबीसहित मुद्दा दायर गरिएको छ ।
अन्य व्यक्तिलाई पनि कसुरअनुसारको बिगो र सजायको मागसहित अभियोगपत्र दर्ता गरिएको सहायक जिल्ला न्यायाधिवक्ता शर्माले बताइन् ।
लामिछानेसहित १९ जनाविरुद्ध संगठित अपराधमा र ३१ जनाविरुद्ध सहकारी ठगीमा मुद्दा दायर गरिएको छ । सरकारी वकिल कार्यालयका अनुसार सहकारी ठगी प्रकरणमा हालसम्म ६३ जनाविरुद्ध जिल्ला अदालत कास्कीमा मुद्दा दायर गरिएको छ । जिल्ला अदालतका सूचना अधिकारी सुरज अधिकारीले सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुरमा सभापति लामिछानेसहित विभिन्न व्यक्तिविरुद्ध सजायको माग दाबीसहित अभियोगपत्र दर्ता भएको बताए ।
सहकारी बचत रकम अपचलन गरेको आरोपमा सभापति लामिछाने गत कात्तिक २ गते काठमाडौँबाट पक्राउ परेका थिए। उनीमाथि कास्कीसहित अन्य जिल्लासमेत सहकारी ठगीको आरोपमा अनुसन्धान भइरहेको छ । रासस

# नेपथ्यबाट चलाइएको हल्लामा सत्यता छैनः मन्त्री गुरुङ



**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सरकारको स्थिरता र स्थायित्वबारे नेपथ्यबाट चलाइएको हल्लामा कुनै सत्यता नभएको बताएका छन् ।
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा मन्त्रिपरिषद्का निर्णय सार्वजनिक गर्न आयोजित कार्यक्रममा सञ्चारकर्मीको जिज्ञासामा मन्त्री गुरुङले नेपाली कांग्रेस र नेकपा (एमाले)बिचको सहमतिमा गठन भएको वर्तमान सरकार २०८४ सालको निर्वाचनसम्म तल–माथि नभई निर्वाध रूपमा सञ्चालन हुने दाबी गरे ।
'नेपाली कांग्रेस र एमालेको सदनमा १६७ सिट संख्या छ । बहुमतका लागि अरू दल खोज्न परेन । राष्ट्रिय संकट समाधानका लगि मिल्नुपर्छ भन्ने प्रमुख दुई दलबिचमा समान बुझाइ रहुन्जेल सरकार कसैले चाहँदैमा फेरबदल हुँदैन,' उनले भने ।
विभिन्न क्षेत्रमा बिग्रँदै र भत्कँदै गएको अवस्थालाई सरकारले नियन्त्रणमा लिई मुलुकलाई असफल हुनबाट बचाएको भन्दै उनले सामाजिक क्षेत्रमा देखिएको असहिष्णुताको वातावरण हटाउनसमेत सफल भएको बताए ।
मन्त्री गुरुङले भने, 'कांग्रेस र एमालेबिच बनेको सहमतिअनुसार २०४८, २०५६ र २०६४ सालमा जस्तै दुई दलबिच सरकार चलाउने तथा आपसमा चुनावी प्रतिस्पर्धा गर्दै २०८४ सालको चुनाव सम्पन्न गरिनेछ ।'
मुलुकमा राजनीतिक अस्थिरताका कारण नीतिगत अस्पष्टता, लक्ष्यअनुरूप बजेट कार्यान्वयन र राजस्व संकलन नहुँदा राष्ट्रिय गौरवको आयोजना समयमा पूरा हुन नसकेको मात्र नभई व्यापार घाटा बढ्नाका साथै निर्माण सामग्री आयात ठप्प हुन गई संकटपूर्ण परिस्थितिमा वर्तमान सरकार गठन गरिएको मन्त्री गुरुङले उल्लेख गरे ।
कांग्रेस र एमालेले मिलेर सरकार गठन गर्नुको कारण र औचित्य प्रस्ट पार्दै उनले राजनीतिक स्थिरता र सुशासन कायम गरी शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न सरकार लागिपरेको बताए । नेपाल सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरुङले पहिलो र दोस्रो ठुलो दल मिलेर सरकार बनाउने विषय संसदीय प्रणालीमा विरलै हुने घटना भए पनि सरकारले विकास, समृद्धि र स्थिरताको मूलभूत दायित्व पूरा गर्ने विश्वास दिलाए ।
मन्त्री गुरुङले भने, 'देशको राजनीतिक परिघटनामा प्रमुख राजनीतिक दल मिलेर संकटको समाधान गर्दै आएको इतिहास छ । अहिले पनि विभिन्न क्षेत्रमा देखिएका समस्या र राजनीतिक अस्थिरता अन्त्य गर्न वर्तमान सरकार गठन भएको हो। उद्देश्य र लक्ष्य पूरा गर्नेछ ।' रासस

# मन्त्रिपरिषद् निर्णयः प्रहरी नायब महानिरीक्षकद्वय सिंह र बोहराको बढुवा





**काठमाडौँ ।**
सरकारले नेपाल प्रहरीमा जनपद समूहतर्फ रिक्त रहेको प्रहरी अतिरिक्त महानिरीक्षक पदमा प्रहरी नायब महानिरीक्षकद्वय दुर्गा सिंह र भरतबहादुर बोहरालाई बढुवा गरी क्रमशः प्रहरी प्रधान कार्यालय, मानवस्रोत विकास विभाग र प्रहरी प्रधान कार्यालय प्रदेश समन्वय विभागमा पदस्थापन गर्ने निर्णय गरेको छ ।
यस्तै, सरकारले दैलेख–कालीकोट–जुम्ला १३२ केभी प्रसारण लाइनको टावर निर्माणका लागि दैलेख, कालीकोट र जुम्ला जिल्लामा करिब १२ हेक्टर जग्गा प्राप्ति गर्न स्वीकृति दिएको छ ।
मन्त्रिपरिषद्को यही पुस ५ गतेको बैठकले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको परिमार्जित कार्यविवरण स्वीकृत गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री सुथ्वी सुब्बा गुरुङले जानकारी दिए ।
सरकार प्रवक्तासमेत रहेका मन्त्री गुरुङले भने, 'सवारी साधन खरिद गर्न कर्जा प्रवाह गर्ने व्यवसायी र सामाजिक सुरक्षा कोषका लागि नेपाल राष्ट्र बैङ्क, सवारी साधन बिक्री गर्ने व्यवसायीका लागि यातायात व्यवस्था विभाग र इन्भेष्टमेन्ट कम्पनीका लागि नेपाल धितोपत्र बोर्डलाई सम्पत्ति शुद्धीकरण निवारणका लागि नियमनकारी निकाय तोक्ने मन्त्रिपरिषदले निर्णय गरेको छ ।'
मन्त्रिपरिषद्ले खर्ज्याङ प्रहरी चौकी, गुल्मीलाई नेपाल सरकारका नाममा दर्ता रहेको सार्वजनिक प्रकृतिको पाँच रोपनी जग्गा प्रयोग गर्न स्वीकृति दिने र तुम्लिङ्टार शीतलपाटी दुई सय २० केभी विद्युत् प्रसारणलाइन आयोजना निर्माणका लागि सङ्खुवासभा जिल्लाको खाँदबारी नगरपालिकामा रहेको राष्ट्रिय वनको २८.४८ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने पनि निर्णय गरेको छ ।
सरकारले एग्रिमेन्ट बिटविन गभर्मेन्ट अफ नेपाल एन्ड गभर्मेन्ट अफ इन्डिया फर दी रेगुलेसन अफ प्यासेन्जर ट्राफिक बिटविन दी टू कन्ट्रीको अवधि सन् २०२५ नोभेम्बर २४ सम्मका लागि नवीकरण गर्ने र सम्झौताको 'प्रोटोकल'को अवधि सम्झौताको अवधिसँग बराबर हुनेगरी नवीकरण गर्ने निर्णय गरेको छ ।
मन्त्रिपरिषद्ले शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जभित्र रहेका सुविधा प्राप्त बाटोको सूचीमा महाँकाल–मूलखर्क ओखेनी गाउँ (३.५ किमी) थप गर्ने र सवारी साधन तथा पैदल यात्रुका लागि बाटोको सूचीमा मूलखर्क– झुले–चिसापानी कायम गर्नेगरी नियमावलीको अनुसूची संशोधन गर्न स्वीकृति दिने निर्णय गरेको छ ।
भ्याकुरे जलविद्युत् आयोजना निर्माणका लागि दोलखा जिल्लाको कालीचोक गाउँपालिकामा रहेको राष्ट्रिय वनको ०.९८ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने, गोदावरी बहुउद्देश्यीय रङ्गशाला निर्माण गर्न ललितपुर जिल्लामा रहेको राष्ट्रिय वनको ३.४५ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने र नेपाल हवाई सेवा प्राधिकरणको स्थापना तथा व्यवस्था गर्न बनेको विधेयक, २०८१ सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिने मन्त्रिपरिषद्ले निर्णय गरेको छ ।
यस्तै अरुण–३ जलविद्युत् परियोजनाको चार सय केभी प्रसारण लाइन आयोजना निर्माणका लागि सङ्खुवासभा जिल्लाको चिचिला गाउँपालिका र खाँदबारी नगरपालिका, उदयपुर जिल्लाको सुनकोशी गाउँपालिका, तपली गाउँपालिका, उदयपुरगढी गाउँपालिका र कटारी नगरपालिका, सिरहा जिल्लाको कर्जन्हा नगरपालिकामा रहेको राष्ट्रिय वन क्षेत्रको कुल जम्मा २१३.६७ हेक्टर जग्गा प्रयोग स्वीकृति दिने सरकारले निर्णय गरेको प्रवक्ता गुरुङले जानकारी दिए ।
सरकारले कलैया उपमहानगरपालिका बारालाई चार धुर, बूढानीलकण्ठ नगरपालिका काठमाडौँलाई चार रोपनी १२ आना तीन पैसा, बारपाक सुलिकोट गाउँपालिका, गोरखालाई चार रोपनी पाँच आना दुई पैसा तीन दाम, पुनर्वास नगरपालिका कञ्चनपुरलाई १५ कट्ठा र एकडारा गाउँपालिका महोत्तरीलाई ११ कट्ठा पाँच धुर स्थानीय तहलाई जग्गा प्राप्त गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।
त्यसैगरी, पोखरिया अस्पताल पर्सालाई ५० शय्याको अस्पतालमा स्तरोन्नति गरी मधेश प्रदेश सरकारलाई हस्तान्तरण गर्न स्वीकृति प्रदान गर्ने, साना तथा मझौला सङ्गठित संस्थाको धितोपत्र निष्कासन तथा कारोबार नियमावली, २०८१ बनाउन नेपाल धितोपत्र बोर्डलाई स्वीकृति दिने र नेपाल नागरिक उड्डयन प्राधिकरणसम्बन्धी कानुनलाई संशोधन तथा एकीकरण गर्न बनेको विधेयक, २०८१ सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिने निर्णय सरकारले गरेको छ ।
चिकित्सा शिक्षा आयोगको छैटौँ वार्षिक प्रतिवेदन सङ्घीय संसद्को शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिसमक्ष पेस गर्न शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई स्वीकृति दिने र धितोपत्र बजार सञ्चालनका लागि अनुमतिपत्र प्रदान गर्ने सम्बन्धमा गठित अध्ययन समितिको प्राप्त प्रतिवेदन अर्थ मन्त्रालयमा पठाउने मन्त्रिपरिषद्को निर्णय छ । रासस

# नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटको फाइनलमा हिंसा

**मधेशदृष्टि**
**काठमाडौं ।**
नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेटको फाइनल खेलपछि भएको हिंसात्मक घटनाले देशभरमा गहिरो चिन्ता र आक्रोश उत्पन्न गराएको छ। खेलकुदले भाइचारा र सहिष्णुताको सन्देश दिनुपर्नेमा यस्ता घटनाले समाजमा द्वेष र अशान्ति फैलाएको भन्दै राष्ट्रिय एकता अभियानले कडा विरोध जनाएको छ।
अभियानका महासचिव हर्क स्वारद्वारा जारी प्रेस विज्ञप्तिमा घटनालाई 'राष्ट्रिय एकतालाई कमजोर बनाउने घृणित प्रयासू को रूपमा चित्रण गरिएको छ,' विज्ञप्तिमा भनिएको छ, 'खेलकुद केवल प्रतिस्पर्धा होइन, यो आपसी भाइचारा र एकताको प्रतीक हो। तर, यस्ता घटनाले खेलकुदको मूल मर्मलाई ध्वस्त गर्दै देशलाई विभाजनतर्फ धकेल्ने प्रयास गरिरहेको स्पष्ट हुन्छ।'
अभियानले सम्बन्धित निकायलाई घटनामा संलग्न दोषीलाई कानूनी कठघरामा ल्याउन र कठोर कारबाही गर्न आह्वान गरेको छ। 'यो घटनालाई सामान्य घटना मानेर बेवास्ता गर्नु भनेको भविष्यमा थप गम्भीर समस्या निम्त्याउनु हो। हिंसा र घृणाको हाम्रो समाजमा कुनै ठाउँ छैन भन्ने सन्देश दिन न्याय प्रणालीले निडर निर्णय गर्नुपर्छ,' विज्ञप्तिमा उल्लेख छ।

**शान्ति र संयमको अपिल**
देशभर शान्ति र सहिष्णुताको भावना कायम राख्न नागरिकलाई अपिल गर्दै अभियानले भनेको छ, 'हाम्रो राष्ट्रिय पहिचान सहिष्णुता, भाइचारा, र एकतामा निहित छ। यस्ता घटनाले हाम्रो एकता कमजोर बनाउन सक्दैनन्। बरु, यी घटनाले हामीलाई अझ बलियो भएर उभिन सिकाउँछ।'

**पीडितप्रति सहानुभूति र राहतको माग**
घटनाबाट प्रभावित परिवारप्रति गहिरो सहानुभूति व्यक्त गर्दै अभियानले पीडितहरूलाई तत्काल राहत, सुरक्षा, र आवश्यक उपचार उपलब्ध गराउन सरकारसँग माग गरेको छ।

**एकतामा जोड**
नेपालले संघर्षको समयमा पनि एकता र सहकार्यलाई प्राथमिकता दिएको ऐतिहासिक परिपाटी स्मरण गर्दै अभियानले सबैलाई हिंसा र द्वेषको सामना गर्न एकजुट हुन आह्वान गरेको छ।
(एनपिएल) क्रिकेट खेलसँग सम्बन्धित यो हिंसात्मक घटना नेपाली समाजको लागि गम्भीर चुनौती बनेको छ। यस्तो परिस्थितिमा राष्ट्रिय एकता अभियानले सरकार, न्यायपालिका, र नागरिक समाजलाई शान्ति, सुरक्षा, र न्यायको लागि थप कदम चाल्न आह्वान गरेको छ।

# बागमती प्रदेशमा धान उत्पादन घट्यो

**मकवानपुर ।**
बागमती प्रदेशमा यस वर्ष धानबाली उत्पादनमा ह्रास आएको छ । गत असोज ११ र १२ को वर्षासँगै आएको बाढीपहिरोले क्षति पु¥याउँदा धान एक दशमलव ३७ प्रतिशतले उत्पादनमा ह्रास आएको बागमती प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ ।
चालु आर्थिक वर्षमा बागमती प्रदेशमा कुल एक लाख पाँच हजार चार सय १५ हेक्टरमा धानबाली लगाइएकामा प्रतिहेक्टर तीन दशमलव ८७ मेट्रिक टनका दरले चार लाख आठ हजार तीन सय १६ मेट्रिक टन धान उत्पादन भएको निर्देशनालयका कृषि अर्थ विज्ञ नवीन कुँवरले जानकारी दिए ।
अघिल्लो आव २०८०÷८१ मा एक लाख नौ हजार एक सय ५१ हेक्टरमा धानबाली लगाइएकामा चार लाख १३ हजार नौ सय ८८ मेट्रिक टन उत्पादन भएको थियो । कुँवरका अनुसार गत वर्षको तुलनामा यस वर्ष चितवन, काठमाडौँ, ललितपुर, भक्तपुर र नुवाकोटमा धान उत्पादन बढे पनि अन्य जिल्लामा घटेको हो ।
बागमती प्रदेशको सबैभन्दा बढी धानखेती हुने चितवनमा यस वर्ष २३ हजार सात सय हेक्टरमा प्रतिहेक्टर चार दशमलव १५ मेट्रिक टनका दरले ९८ हजार तीन सय ५५ मेट्रिक टन धान उत्पादन भएको छ ।
नुवाकोटमा ११ हजार छ सय १५ हेक्टरमा प्रतिहेक्टर चार दशमलव १७ प्रतिशतका दरले ४८ हजार तीन सय ९० मेट्रिक टन, धादिङमा ११ हजार तीन सय १२ हेक्टरमा प्रतिहेक्टर तीन दशमलव ८९ प्रतिशतका दरले ४४ हजार चार मेट्रिक टन उत्पादन भएको छ ।
काठमाडौँमा यस वर्ष चार हजार नौ सय २४ हेक्टरमा प्रतिहेक्टर चार दशमलव ७१ प्रतिशतका दरले २३ हजार एक सय ९२ मेट्रिक टन, ललितपुरमा चार हजार एक सय ७८ हेक्टरमा प्रतिहेक्टर चार दशमलव ५३ प्रतिशतका दरले १८ हजार नौ सय २६ मेट्रिक टन र भक्तपुरमा तीन हजार पाँच सय ९९ हेक्टरमा प्रतिहेक्टर पाँच दशमलव ५१ प्रतिशतका दरले १९ हजार आठ सय २३ मेट्रिक टन धान उत्पादन भएको बागमती प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ ।
बाढीपहिरोबाट बढी प्रभावित मकवानपुर, काभ्रे, सिन्धुली, सिन्धुपाल्चोकलगायत जिल्लामा यस वर्ष धान कम उत्पादन भएको छ ।
मकवानपुरमा सात हजार १७ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर तीन दशमलव नौ प्रतिशतका दरले २७ हजार तीन सय ६६ मेट्रिक टन, काभ्रेमा आठ हजार १९ हेक्टरमा प्रतिहेक्टर तीन दशमलव ९१ प्रतिशतका दरले ३१ हजार तीन सय ५४ मेट्रिक टन, रामेछापमा सात हजार आठ सय ८० हेक्टरमा प्रतिहेक्टर दुई दशमलव ५४ प्रतिशतका दरले २० हजार १५ मेट्रिक टन र सिन्धुपाल्चोकमा सात हजार नौ सय हेक्टरमा प्रतिहेक्टर दुई दशमलव ९२ प्रतिशतका दरले २३ हजार ६८ मेट्रिक टन धान उत्पादन भएको हो ।
दोलखामा दुई हजार आठ सय ७२ हेक्टरमा प्रतिहेक्टर दुई दशमलव ५० प्रतिशतका दरले सात हजार ६८ मेट्रिक टन र रसुवामा एक हजार ९९ हेक्टरमा प्रतिहेक्टर दुई दशमलव २३ प्रतिशतका दरले दुई हजार चार सय ५१ मेट्रिक टन धान उत्पादन भएको कृषि विज्ञ कुँवरले जानकारी दिए ।
बाढीपहिरोले ३७ हजार हेक्टरमा लगाइएको पाँच हजार छ सय मेट्रिक टन धानबालीमा क्षति पुगेको जनाइएको छ । समयमा वर्षा र रोग कीराको प्रकोप कम भएकाले यस वर्ष धान उत्पादन बढ्ने अनुमान गरिए पनि बाढीपहिरोले क्षति पु¥याएपछि उत्पादनमा घटेको हो । रासस

# सुनारले लेखाए गिनिज बुकमा नाम

**काठमाडौँ ।**
नेपाली पार्कर खेलाडी दिनेश सुनार २० औँ पटक गिनिज बुक अफ वल्ड रेकर्डमा नाम लेखाउन सफल भएका छन् । यसपटक सुनारले पार्कर र जिम्नास्टिक खेलअन्तर्गत पर्ने ‘द मस्ट ब्लाइन्ड फोल्डेड ब्याकवार्ड समरसल्ट इन ३० सेकेन्ड’ विधामा १४ पटकसम्म आँखामा पट्टी बाँधेर हात नटेकिकन पछाडि उल्टी हानेर नयाँ रेकर्ड थप गरेका हुन् । यस विधामा कम्तीमा १० पटकसम्मको मापदण्ड रहेको थियो ।‘सिटी अफ एक्रोनवार्ड टु गभरमेन्ट’को आयोजनामा अमेरिकाको ओहायो राज्यको एक्रोन सहरमा भएको एक्रोन इन्टरनेशनल डान्स फेस्टिबल कार्यक्रमका अवसरमा विभिन्न फरक देशका ३ सयभन्दा बढी दर्शकको अगाडि खेल प्रस्तुत गरी उक्त रेकर्ड राखेका हुन् । यससँगै दिनेश २० औँ पटक गिनिज बुक अफ वल्ड रेकर्डमा आफ्नो नाम लेखाउन सफल भएका छन् ।



यस रेकर्डका लागि प्लाटियम प्रायोजकको रुपमा टप सप काठमाडौँ र शतिसाल आइआइसीका सञ्चालक न्यूयोर्कका सामाजिक अभियन्ता लकेश श्रेष्ठ थिए । उक्त फेस्टिबलमा मेक्सिको, जर्मनी, भारत, दक्षिण अफ्रिका, पोल्यान्ड, आइरल्यान्ड, भुटान, कोङ्गो, इटाली, नेपाल, बर्मा, थाइल्यान्ड र अमेरिकाका सांस्कृतिक पहिचान झल्काउने नृत्य प्रदर्शन गरिएको थियो ।
आफ्नो यो सफलता १२ वर्षदेखिको मेहनत र धैर्यताको प्रतिफल रहेको उनी बताउँछन् । उनी भन्छन्, ‘यो रेकर्ड प्रयास गर्न सुरुआत गरेको १२ भयो, निरन्तर लागिरहे र आइतबार सफल भएँ ।’ नयाँ पुस्ताहरुलाई पार्कर खेलमा अभिप्रेरित गरी खेलमार्फत देशको नाम विश्वसामु उँचो पार्न सकेकामा गौरवको महशुस गरेको बताउँछन् । साथै, उनले अमेरिकामा राखेको रेकर्डले नेपाल र अमेरिकाबीचको सम्बन्ध थप मजबुत बनाउन सहयोग पुग्नै बताउँदै नेपाल र अमेरिकामा पार्कर प्रशिक्षण कार्यक्रम सञ्चालन गरी विश्वस्तरीय खेलाडी र प्रशिक्षक उत्पादन गर्नु आफ्ना लक्ष्य रहेको जानकारी दिए । उनले भविष्यमा पनि पार्कर खेलका माध्यमबाट नेपाल र अमेरिकाबीचको सांस्कृतिक, कूटनीतिक र खेलकुद सम्बन्धलाई सुमधुर बनाउने बताए । रासस

# सुधारोन्मुख अवस्थामा वैदेशिक व्यापार
## आयात र निर्यात बढ्यो




**काठमाडौं ।**
लामो समयसम्म नकारात्मक अवस्थामा देखिएको वैदेशिक व्यापार विस्तारै सुधारोन्मुख हुन थालेको छ । भन्सार विभागद्वारा आइतबार सार्वजनिक चालु आर्थिक वर्षको मंसिर मसान्तसम्मको वैदेशिक व्यापारसम्बन्धी तथ्याङ्कमा वैदेशिक व्यापारमा सुधार देखिएको हो ।
तथ्याङ्क अनुसार यो अवधिमा आयात तीन प्रतिशत र निर्यात १६ दशमलव पाँच प्रतिशतले बढेको छ । विभागका अनुसार चालु आर्थिक वर्षको पाँच महिनामा छ खर्ब ६१ अर्ब ४८ करोड ८५ लाख ९४ हजार रुपैयाँ बराबरको वस्तु आयात भएको छ ।
गत आवको सुरुआती पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा आयात तीन प्रतिशतले बढेको हो ।
गत आवको पहिलो पाँच महिनामा नेपालले ६३ अर्ब २० करोड ७४ लाख रुपैयाँ बराबरको वस्तु निर्यात गरेकामा चालु आवको सोही अवधिमा निर्यात १६ दशमलव ५४ प्रतिशतले बढेर ७३ अर्ब ६५ करोड ९७ लाख ७१ हजार रुपैयाँ पुगेको छ । आयात, निर्यात बढेसँगै मुलुकको व्यापार घाटा पनि बढेको छ ।
मंसिर मसान्तसम्ममा कुल सात खर्ब ३५ अर्ब १४ करोड ८३ लाख ६५ हजार रुपैयाँ बराबरको वैदेशिक व्यापार हुँदा नेपालले पाँच खर्ब ८७ अर्ब ८२ करोड ८८ लाख रुपैयाँ घाटा व्यहोरेको छ ।
गत आवको पहिलो पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा व्यापार घाटा चार दशमलव २१ प्रतिशतले बढेको हो ।
मङ्सिर मसान्तसम्ममा सबैभन्दा बढी पेट्रोलियम पदार्थको आयात भएको छ ।
यो अवधिमा ४२ अर्ब १७ करोड २८ लाख ६२ हजार रुपैयाँ बराबरको डिजेल, २६ अर्ब ४५ करोड ४३ लाख रुपैयाँ बराबरको पेट्रोल र २४ अर्ब २२ करोड ९१ लाख रुपैँया बराबरको एलपी ग्यास आयात भएको छ । त्यस्तै, २० अर्ब ९६ करोड रुपैयाँ बराबरको फलामजन्य वस्तु र १० अर्ब ३५ करोड ६१ लाख रुपैयाँ बराबरको स्मार्टफोन आयात भएको छ ।
सबैभन्दा बढी निर्यात भएका वस्तुमा भटमास तेल, कार्पेट, अलैँची, सूर्यमुखी तेल, चियालगायत वस्तु छन् ।
पाँच महिनामा आठ अर्ब ३६ करोड ८५ लाख रुपैयाँ बराबरको भटमास तेल, चार अर्ब ९६ करोड ३३ लाख रुपैयाँ बराबरको कार्पेट, तीन अर्ब ४५ करोड ७२ लाख रुपैयाँ बराबरको अलैँची, दुई अर्ब ९७ करोड ६१ लाख रुपैयाँ बराबरको सूर्यमुखी तेल र दुई अर्ब ७१ करोड २६ लाख रुपैयाँ बराबरको चिया निर्यात भएको भन्सार विभागद्वारा सार्वजनिक तथ्याङ्कमा उल्लेख छ । रासस

# ‘विद्युत् निर्यात गरेर समृद्धि बढाउन सकिन्छ’

**काठमाडौं ।**
सांसदहरुले विद्युत् निर्यात गरी मुलुक समृद्ध बनाउनुपर्नेमा जोड दिएका छन् । संघीय संसद्, प्रतिनिधिसभा अन्तर्गत पूर्वाधार विकास समितिले आइतबार आयोजना गरेको विद्युत् विधेयक, २०८० माथि संशोधनकर्तासँगको दफाबार छलफलका क्रममा उनीहरुले विद्युत् उत्पादन बढाएर निर्यात सुनिश्चिताका लागि पहल गर्नुपर्नेमा जोड दिएका हुन् ।
सांसद रामहरि खतिवडाले नेपाली लगानीकर्तालाई प्रोत्साहन गरी स्वदेशी लगानीको वातावरण सिर्जना गर्नुपर्ने र भारतलगायतका देशसँग विद्युत् व्यापारका लागि पहल गर्नुपर्नेमा जोड दिए ।
‘विदेशी लगानीकर्ता नेपाल आउने तर नेपाली पुँजी पलायन हुने अवस्था छ, निजी क्षेत्र धेरै लगानी गर्न चाहन्छन्, तर स्वदेशी लगानी निरुत्साहित हुने अवस्था नआओस’ उनले भने,‘लगानीमैत्री वातावरण सिर्जना भएमा धेरै निजी क्षेत्र लगानीका लागि उत्सुक छन् । तसर्थ सकेसम्म स्वदेशी लगानी बढाउने नीति लिनुपर्छ ।’
सांसद अच्युत मैनालीले विद्युत् उत्पादन गर्ने क्रममा तल्लो तटीय क्षेत्रमा हुने बाढीको खतरा नियन्त्रणसम्बन्धी व्यवस्था गरिनुपर्ने बताएका छन् ।
सांसद राजेन्द्र बजगाइँले अनुमति खारेज गर्नुपर्ने कारण देखिएमा अनुमति खारेज गर्नसकिने भए पनि निर्माणाधीन आयोजनाको अनुमति खारेज गर्न नहुने धारणा राखे ।
संशोधनकर्ता अम्मरबहादुर थापाले विद्युत् ऐनको कडाइका साथ कार्यान्वयन आवश्यक रहेको बताए । ‘राष्ट्रिय बजेटमा विद्युत् उत्पादनलाई प्रथामिकतामा राख्नुपर्छ । राज्यले सहजीकरण गरे आम नागरिक पनि विद्युत्का आयोजनामा लगानी गर्न तयार हुन्छन्’, उनले भने,‘जलविद्युत् आयोजनामा लगानीको अभाव छैन । तर झन्झटिलो प्रक्रियाका कारण विद्युत्मा लगानीमैत्री वातावरण तय हुन सकेको छैन ।’
संशोधनकर्ता रघुजी पन्तले छिटोभन्दा छिटो जलस्रोत ऐन पारित गरी विद्युत् विधेयक पास गर्नुपर्ने सुझाव दिए । ‘हामी विद्युत्मा बाह्रैमहिना आत्मनिर्भर छैनौँ । आगामी दिनमा विद्युत् उत्पादन बढाउने छौँ’, उनले भने । सांसद सुशीला श्रेष्ठले राष्ट्रिय हित र जनउपयोगी बनाउँदै विद्युत् उत्पादन गर्ने लक्ष्यका साथ विद्युत् विधेयक संशोधन गर्नुपर्नेमा जोड दिए । संशोधनकर्ता मैना कार्कीले विद्युत् निर्यातबाट मुलुकको समृद्धि हासिल गर्ने गरी विधेयक संशोधन गरिनुपर्नेमा जोड दिएका छन् । संशोधनकर्ता प्रेमबहादुर महर्जनले स्वदेशमै विद्युत् खपतका लागि योजना तर्जुमा गर्न आवश्यक रहेको बताए । रासस

# सुरक्षित कारोबार विधेयक
## अर्थ समितिबाट पारित



**काठमाडौँ ।**
प्रतिनिधिसभा, अर्थ समितिको बैठकले ‘सुरक्षित कारोबार (पहिलो संशोधन) विधेयक, २०८०’ संशोधनसहित पारित गरेको छ ।
विधेयकमाथि राष्ट्रियसभाबाट आएको संशोधन प्रतिवेदन र प्रतिनिधिसभा सांसदहरूबाट परेका संशोधनमाथि छलफलपछि बैठकले विधेयक पारित गरेको समिति सभापति सन्तोष चालिसेले जानकारी दिए । सभापति चालिसेले विधेयकमाथिको संशोधन प्रतिवेदन दुई दिनभित्र तयार पार्न समिति सचिवालयलाई निर्देशनसमेत दिएका छन् ।
राष्ट्रियसभाबाट पारित भएर आएको उक्त विधेयकमा छजना सांसदको संशोधन प्रस्ताव परेको थियो । सांसदहरू रणेन्द्र बराइली, निशा डाँगी, दामोदर पौडेल बैरागी, माधव सापकोटा, सोबिता गौतम र प्रेम सुवालले संशोधन प्रस्ताव हालेका थिए । संशोधनकर्तामध्येका सांसद सुवाल र डाँगी समितिमा छलफलका लागि उपस्थित नभएको पनि सभापति चालिसेले जानकारी दिए ।
कुनै व्यक्ति तथा निकायबाट राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा गर्ने कारोबारलाई सुरक्षित र व्यवस्थित बनाई सुरक्षित कारोबारसम्बन्धी कानूनी व्यवस्था समयानुकूल बनाउन आवश्यक भएको भन्दै अर्थ मन्त्रालयले विसं २०८० फागुन ४ गते यो विधेयक राष्ट्रियसभामा दर्ता गरेको थियो ।
सुरक्षित कारोबारका सम्बन्धमा एकीकृत कानुनी व्यवस्था गरी चल तथा अमूर्त सम्पत्तिउपरको दायित्व परिपालना गर्ने गराउने व्यवस्था गर्न हाल सुरक्षित कारोबार ऐन, २०६३ कार्यान्वयनमा छ ।
यस विधेयकले चल, अचल तथा मूर्त र अमूर्त सम्पत्तिउपरको दायित्वबारे पनि व्यवस्था गर्न लागिएको छ ।
विधेयकले घर, जग्गाबाहेक चल सम्पत्ति पनि धितो राखेर बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन सक्ने गरी व्यवस्था गर्न लागेको छ । अचल सम्पत्तिबाहेकको जडित सम्पत्ति, उत्खननका लागि अनुमतिप्राप्त खनिजपदार्थ, बौद्धिक सम्पत्ति तथा व्यक्तिको कुनै पनि प्रकारको मूर्त वा अमूर्त सम्पत्तिलाई विधेयकमा चल सम्पत्तिको परिभाषाभित्र राखिएको छ ।
यसअघि बैंक तथा वित्तीय संस्थाले अचल सम्पत्ति मात्र धितो राखेर ऋण दिने गरेकामा यो ऐन लागू भएपछि चल सम्पत्ति पनि धितो राख्न सकिने व्यवस्था विधेयकमार्फत ल्याउन लागिएको छ । पशु, कृषिबाली तथा कृषिजन्य उत्पादन, उक्त उत्पादनबाट तयार पारिएको खाद्यवस्तु र उत्खननका लागि अनुमति लिइएको खनिज पदार्थसमेत धितो राखेर ऋण लिन सकिनेछ ।
उपभोग्य वस्तुबाहेक अन्य कुनै धितो सम्पत्तिको विवरण दिएमा त्यस्तो विवरणलाई पर्याप्त मानिने विधेयकमा उल्लेख छ । ‘जमानत भन्नाले भुक्तानीको दायित्व वा प्रतितपत्रअन्तर्गत जारी गर्ने व्यक्तिको भुक्तानीको दायित्व जस्ता सहायक दायित्व सम्झनु पर्दछ र सो शब्दले बहिखाता, सुरक्षित बिक्री करार, लिखत, अधिकारपत्र वा अन्य चल सम्पत्तिका सम्बन्धमा भुक्तानी गराउन सहयोग पु¥याउने दायित्वलाई समेत जनाउँछ,’ विधेयकमा भनिएको छ । रासस

# बाँसखेतीबारे जानकारी गराउन ‘बाँस सम्मेलन’

**काठमाडौ ।**
खोटाङको दिक्तेलमा आगामी फागुन १५, १६ र १७ गते प्रथम राष्ट्रिय बाँस सम्मेलन हुने भएको छ । दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका मुख्य आयोजक रहने सम्मेलनमा वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कोशी प्रदेशको पर्यटन, वन तथा वातावरण मन्त्रालय र ग्रिन बाम्बो क्रिएसन प्रालि आयोजक रहनेछन् ।सम्मेलनमा बाँससँग सम्बन्धित सरकारी तथा वन वातावरणसम्बन्धी गैरसरकारी सङ्घसंस्था, शैक्षिक तथा अनुसन्धान निकाय, निजी क्षेत्र, बाँसमा आधारित उद्यमी र स्थानीय तहले सहभागिता जनाउने आज यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइएको हो । सम्मेलनको मूल नारा ‘जहाँ बाँस त्यहाँ जीवन, जहाँ जीवन त्यहाँ बाँस’ तय गरिएको छ ।सम्मेलनको उद्देश्य बाँससम्बन्धी विविध सम्भावना, अवसर र चुनौतीहरूको खोजी गर्ने, बाँसको खेतीलाई सुधार र विस्तार गर्दै अन्य खेती हुन नसक्ने जग्गामा बाँसखेती विस्तार गर्ने, बाँसबाट प्राप्त हुने विविध वस्तु तथा सेवाहरूको प्रदर्शनी गर्ने रहेको दिक्तेल नगरपालिकाका तीर्थराज भट्टराईले जानकारी दिए । बाँस



खेती गर्ने किसानको प्रवर्द्धनका लागि सरोकार भएकाहरूको ध्यानाकर्षण गर्दै आवास तथा सामग्री उत्पादनमा बाँसको उपयोगिता बढाउने सम्मेलनको उद्देश्य रहेको नगरप्रमुख भट्टराईले बताए । सम्मेलनमा एक सय सरकारी तथा गैरसरकारी निकाय, एक सय वन उपभोक्ता समूह, ५० विश्वविद्यालय तथा अनुसन्धान केन्द्र, एक सय विद्यार्थी सहभागी भई प्रत्यक्ष अवलोकन गर्ने उनले जानकारी दिए । सम्मेलनमा बाँस विज्ञको प्रस्तुतीकरण गरिने, विभिन्न जिल्लामा बाँसबाट निर्मित सामग्रीहरूको स्टल प्रदर्शन गर्ने, विभिन्न सांस्कृतिक झाँकीहरूको प्रदर्शन गरिने मूल आयोजक समितिका संयोजक गणेश साहले जानकारी दिए । सम्मेलनको पूर्वतयारीका लागि यही पुस १४ गते कोशी प्रदेशको इटहरीमा, पुस १५ गते मधेश प्रदेशको जनकपुरमा, पुस १६ गते बागमतीको हेटौँडामा, पुस १८ गते गण्डकीको पोखरामा र पुसको अन्तिम साता उपत्यका ९काठमाडौँ, ललितपुर, भक्तपुरमा प्रादेशिक कार्यक्रमहरू गर्ने उनले बताए । वन तथा वातावरण मन्त्रालयअन्तर्गत वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका महानिर्देशक डा. राजेन्द्र केसीले बाँसलाई ‘ब्रान्ड’ बनाएर अन्तर्राष्ट्रिय बजारमा निर्यात गर्न सकिने भएकाले सम्मेलन उपलब्धिमूलक हुने विश्वास व्यक्त गरे । बाँस एक बहुउपयोगी वनस्पति हो । यसको मानव जीवन र जनजीविकासँग अन्योन्याश्रित सम्बन्ध रहेको बताउँदै उनले ग्रामीण क्षेत्रमा आवश्यकता र सहरी क्षेत्रमा सौखका कारण पनि बाँसका सामग्रीहरूको प्रयोग बढ्दै गएको बताए । कोशी प्रदेशको पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव विशाल घिमिरेले नेपाल जस्तो पहाडी तथा संवेदनशील भूबनोट भएको देशमा भू तथा जलाधार संरक्षण, कम खर्चिलो तथा दिगो भूकम्पमैत्री निर्माण, पर्यावरणीय शुद्धीकरण र व्यावसायिक वृद्धिलगायत दृष्टिकोणले बाँसको महत्व अझ सान्दर्भिक रहेको उल्लेख गरे । ग्रिन बाम्बो क्रियसन प्रालीका प्रबन्ध निर्देशक प्रणव प्रधानले बाँस प्रजातिको संरक्षण, प्रवर्द्धन र उपयोगितालाई उजागर गर्दै बाँसका उत्पादनहरूको विविधीकरण, प्रयोगलाई गुणात्मक रूपमा अभिवृद्धि गर्न, बाँस केन्द्रित राष्ट्रिय नीति–निर्माण, योजना तथा कार्यक्रम सञ्चालन गर्न, सीप र प्रविधि विकासको अभिवृद्धिलगायत विषयहरूलाई लक्षित गरी सम्मेलन आयोजना गर्न लागिएको जानकारी दिए । नेपालमा बाँसजन्य वनस्पतिका ७५ भन्दा बढी प्रजाति उपलब्ध छन् । बाँस र बाँसजन्य सामग्रीहरू विशेषगरी आयस्तर कम भएका नागरिकहरूको जीवनयापनका लागि महत्वपूर्ण आधारका रूपमा रहँदै आएका छन् । यसका अतिरिक्त बाँस हाम्रो धर्म, संस्कृति, परम्परा, घरेलु तथा साना उद्यमलगायत जनजीविकासँग जोडिएको छ । नयाँ पुस्तालाई प्रकृतिसँग सहअस्तित्व कायम राख्दै वातावरण संरक्षण र दिगो विकासको मूल प्रवाहीकरणमा लैजाने, बाँससँग सम्बन्धित किराँतलगायत धार्मिक, पौराणिक कलासंस्कृति र रीतिरिवाजको संरक्षण तथा प्रवर्द्धन गर्न, बाँसबाट प्राप्त हुने वस्तु तथा सेवाको प्रवर्द्धन र बजारीकरण गरी राष्ट्रिय अर्थतन्त्रलाई सहयोग पुऱ्याउन सम्मेलनले मद्दत गर्ने आयोजकले विश्वास लिएको छ । रासस

## एनपिएलः

# बिर्सिन नसकिने प्रतियोगिता

*क्रिकेटका लागि नेपाल उपयुक्त मुलुक भएको प्रमाणित गर्दै नेपाल प्रिमियर लिग (एनपिएल) क्रिकेट सम्पन्न भएको छ ।*
*अन्तर्राष्ट्रिय टेलिभिजनहरुको प्रत्यक्ष प्रसारणमार्फत विश्वका क्रिकेटप्रेमीहरुले सुन्दर हिमश्रृखङ्ला, रमणीय प्राकृतिक एवं सांस्कृतिक स्थलहरुको दृश्यावलोकन गर्दै क्रिकेट खेल हेर्ने अवसर पाएका छन् । नेपालमा पहिलोपटक आयोजना गरिएको एनपिएल क्रिकेट हेर्नका लागि पहिलो दिनदेखि नै उपस्थित भएका अपार जन समूहको क्रिकेट 'क्रेज' देखेर विश्वका क्रिकेटप्रेमीहरु चकित परेका छन् ।*
*नेपाल र विश्वको विभिन्न देशका क्रिकेट स्टारहरु सम्मिलित आठ वटा नेपाली टिमबीच भएको रोमाञ्चकारी प्रतिस्पर्धाले बिर्सिन नसकिने प्रतियोगिताको रुपमा एनपिएललाई स्थापित गरिदिएको छ । नेपालमा व्यावसायिक खेलको विकासका लागि महत्वपूर्ण जग बसाउन एनपिएल सफल भएको मानिएको छ ।*




### खेलमा भन्नै नसकिने

एनपिएल क्रिकेट प्रतियोगिताको प्रारम्भदेखि नै सुदूरपश्चिम रोयल्स टिमले सशक्त रुपमा दाबेदारी प्रस्तुत गर्दै अङ्क तालिकामा अग्रता कायम गर्दै आइरहेको थियो । टाइगर उपनामले परिचित नेपाली राष्ट्रिय टिमका भरपर्दा खेलाडी दिपेन्द्रसिंह ऐरीको नेतृत्वमा सुदूरपश्चिम टिमले प्रत्येक म्याचमा बलिङ, ब्याटिङ तथा फिल्डिङ सबै क्षेत्रमा उत्कृष्ट प्रदर्शन गर्दै दर्शकहरुको मन जित्न सफल भएको थियो । विभिन्न देशका अन्तर्राष्ट्रिय खेलाडीहरुले पनि सुदूरपश्चिमको अग्रतालाई अगाडि बढाउन महत्वपूर्ण खेलेका थिए । यस्तै सुदूरपश्चिमको पहिलो खेलदेखि नै अत्यधिक खेलप्रेमीहरु पनि देउडा र स्थानीय भाखा गाउँदै टिमको समर्थनमा उर्लिएका थिए । तर फाइनलको दिन अपेक्षित प्रदर्शन हुन सकेन । सुदूरपश्चिमले ब्याटिङ राम्रो गरे पनि बलिङ राम्रो गर्न नसकेको स्वयं कप्तान ऐरीले स्वीकारेका छन् ।

एनपिएल क्रिकेट प्रतियोगिताको फाइनलमा जनकपुर बोल्टस टिमले सुदूरपश्चिम रोयल्स टिमलाई पाँच विकेटले पराजीत गरी उपाधि जित्न सफल भएको थियो । जनकपुर पनि प्रारम्भिक खेलदेखि नै सुदूरपश्चिमलाई अङ्क तालिकामा पछ्याउँदै थियो । एनपिएलको फाइनलमा जनकपुर र सुदूरपश्चिमबीच तेस्रो भिडन्त भएको थियो । जनकपुर यसअघि लिग र क्यालिफायर एकमा गरी दुईपटक सुदूरपश्चिम टिमसँग पराजीत भैसकेको थियो । पछिल्लो खेलमा सुदूरपश्चिमसँग आठ विकेटले पराजित भएको जनकपुरले फाइनलमा उच्च मनोबलका साथ प्रतिस्पर्धा गरेर उपाधि हात पार्न सफलता प्राप्त गरी विगतको पराजयको बदला लिन सफल भएको थियो । यसमा अतिथि खेलाडी लाहिरु मिलान्थाको सर्वाधिक ८७ रनको योगदान महत्वपूर्ण रह्यो । जनकपुर टिम लिग चरणमा पनि चितवन राइनोज टिमसँग पनि पराजित भएको थियो । तर पहिलो खेलमा नै विराटनगर किङ्सलाई आठ विकेटको अन्तरले पराजित गरी सशक्त उपस्थिति देखाएको जनकपुरले प्रतियोगिता अवधिभर कूल आठवटा जित हात पारेको थियो । फाइनलमा पराजित सुदूरपश्चिम टिमले भने फाइनलअघि एक खेलमा मात्र हार व्यहोरेको थियो । जितपछि प्रतिकृया दिँदै फाइनलमा जनकपुरका कप्तानको जिम्मेवारी सम्हालेका आशिफ शेखले जितको श्रेय आफ्नो टिमका सबै सदस्यहरुलाई दिने बताएका थिए ।

### सर्वाधिक रकमको प्रतियोगिता

एनपिएल क्रिकेटका सहभागी आठ टिम खरिददेखि खेलाडी छनोट, प्रतियोगिता सञ्चालनसमेतका लागि विभिन्न व्यापारी र व्यापारिक प्रतिष्ठानले करोडौं रुपैंयाँ लगानी गरेका थिए । पुरस्कारका लागि समेत करोडौं रुपैंयाँ खर्च गरिएको छ । एनपिएल नेपालमा हालसम्म भएका खेलकुद प्रतियोगितामध्ये एनपिएल सर्वाधिक राशिको पुरस्कार भएको प्रतियोगिता बन्न सफल भएको छ । एनपिएलमा सर्वप्रथम भएको जनकपुर बोल्टस टिमले एक करोड १० लाख रुपैयाँ पुरस्कारसहित ट्रफी जितेको छ । यसैगरी दोस्रो हुने सुदूरपश्चिम रोयल्सले ५१ लाख रुपैयाँ पुरस्कार पाएको थियो । प्रतियोगितामा तेस्रो हुने कर्णाली याक्सले २५ लाख रुपैयाँ तथा चौंथो भएको चितवन राइनोजले १५ लाख रुपैयाँ पुरस्कार पाएको छ । यो प्रतियोगिताले खेलाडीलाई कार चढ्ने अवसर प्रदान गरेको छ । प्रतियोगिताको उत्कृष्ठ खेलाडी घोषित भएका सुदूरपश्चिम टिमका कप्तान दिपेन्द्रसिंह ऐरीले करिब ६२ लाख रुपैयाँ मूल्य पर्ने चाइनिज कार पुरस्कार विजेता बनेका छन् । उनले प्रतियोगितामा अब्बल कप्तानको भूमिका निभाउँदै आफूले पनि कूल २२७ रन तथा नौ विकेट लिएका थिए । प्रतियोगिता अवधिभर कूल १७ विकेट लिन सफल ललित राजवंशीले उत्कृष्ट बलर पुरस्कार बापत मोटरबाइक हात पारेका छन् । यसबाहेक विभिन्न नेपाली तथा अतिथि खेलाडीहरुले नगद पुरस्कार प्राप्त गरेका थिए ।

### 'म्याच फिक्सिङ' टऱ्यो

विभिन्न मुलुकमा बेलाबखत भएका क्रिकेट प्रतियोगितामा 'म्याच फिक्सिङ' भएको सुनिने गरिएको छ । यसपालि एनपिएलमा पनि मिलेमतोमा खेलेर 'म्याच फिक्सिङ' होला कि भनेर उच्च सतर्कता अपनाइएको थियो । यसका लागि सुरक्षा अधिकारीहरुलाई नै जिम्मा दिइएको थियो । शुरुमा सट्टेबाजीको आरोपमा केही व्यक्ति पक्राउ परेता पनि खेल क्रमिक रुपमा अघि बढ्दै जाँदा सुरक्षा सतर्कताको कारण त्यस्ता समस्या पुनः देखिएनन् । यसैगरी प्रतियोगिताको सहभागी आटवटै टिममा पनि सुरक्षा अधिकारीहरुलाई पनि सतर्कता गराइएको थियो । यस्तो अवस्था आएको



भने अन्तर्राष्ट्रिय जगतमा मुलुककै बदनामी हुन सक्थ्यो । तर सहज रुपमै प्रतियोगिता सम्पन्न भएपछि आयोजकहरु ढुक्क भएका छन् । यस्तै प्रतियोगिता अवधिभरको सुरक्षा पनि सहज बनाउनु सम्बन्धित अधिकारीहरुको चुनौती रहेको थियो । एनपिएल प्रारम्भ भएको बेला टिकट किनेकाहरुले समेत रङ्गशालाभित्र प्रवेश नपाएर समस्या बनेको थियो । रङ्गशालाभित्र प्रवेश गर्नेक्रममा भएको हुलदंगामा किचिएर केही व्यक्ति घाइते समेत भएका थिए तर दिनहुँ खेलमा दर्शकहरुको उल्लेखनीय उपस्थिति भएता पनि पछि त्यस्ता समस्या दोहरिएन । फाइनलको सम्पूर्ण टिकट केही दिनअघि नै सकिए पनि सुरक्षाको दृष्टिले गम्भीर समस्या आइपरेन ।

### शालीन दर्शक

एनपिएल क्रिकेटको शुरुदेखि अन्त्य सम्मका खेलहरुमा दर्शकहरुको उपस्थिति उल्लेख्य रह्यो । हाल जाडोको याममा पनि बिहान सबेरैदेखि दर्शकहरु कीर्तिपुर पुगेका थिए । विदाको दिनबाहेकका खेलहरुमा पनि दर्शकहरुको सहभागिता उल्लेख्य रहेको थियो । खेल हेर्न मानिसहरु नेपालका विभिन्न स्थानबाट समेत आएका थिए । चौरमा बसेर क्रिकेट हेर्न पनि दर्शकहरुले टिकट काटेका थिए । खेल अवधिभर दर्शकहरुले विभिन्न गीत गाएर, नाचेर खेलाडीहरुलाई उत्साहित बनाएका थिए । अझ फाइनलको दिन दशौं हजार दर्शकहरु उपस्थित भएता पनि कुनै अप्रिय घटना घटेन । जनकपुरले विजय हासिल गरेपछि गरिएको आतासबाजीको बेला दर्शकहरुले नाचगान गरी रमाइलो गरेका थिए । जनकपुर टिमका अमेरिकी ब्याटर लाहिरु मिलान्थाले सर्वाधिक २९३ रन बनाएबापत प्राप्त गरेको पुरस्कार दर्शकहरुलाई समर्पित गरेका थिए ।

### कमेण्टेटर एन्ड्रको नेपाली मोह

अन्तर्राष्ट्रिय क्रिकेट कमेण्टेटर एन्ड्र लियोनार्ड एनपिएलको फाइनलको पुरस्कार वितरणका बेला नेपाली पोशाक लगाएर उदघोषण गर्दै थिए । उनले यसअघि पनि अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपाली पोशाकमै प्रत्यक्ष प्रशारण गरिसकेका छन् । उनले विश्व चर्चित क्रिकेट स्टार ब्रायन लारालाई




प्रत्यक्ष प्रशारणकै बेला नेपालको ढाका टोपी उपहार दिदैं दाइ भनी संवोधन गरेका थिए । उनी नेपालका शुभचिन्तक मानिन्छन् । उनले हरेक पटकको क्रिकेटमा नेपालको खेलको प्रत्यक्ष प्रसारण गर्दा विश्व मानचित्रमा नेपाललाई चिनाउने गरेका छन् । उनलाई यसपालि प्रधानमन्त्री केपी शर्मा ओलीले सम्मानीत गरेका थिए । एनपिएलको ३२ वटै म्याचका सिलसिलामा एन्ड्रुलगायत अन्य अन्तर्राष्ट्रिय कमेण्टेटरहरुले नेपालको प्रबद्र्धन गर्न योगदान गरेका छन् । सबैजसो कमेण्टेटरले शुरुमा नेपाली भाषामा उद्घोषण गरेर नेपाली दर्शकहरुको मन जितेका थिए ।

### प्रधानमन्त्री ओलीको प्रतिबद्धता

एनपिएल क्रिकेट हेर्न कीर्तिपुर रङ्गशालामा हजारौं मानिसको भिड लागेता पनि त्यहाँको भौतिक अवस्था सन्तोषजनक बनाउन सकिएको छैन । टिकट काटेर गएका दर्शकलाई बस्नका लागि उपयुक्त सिटको समेत व्यवस्था गर्न सकिएको छैन । यसबारे प्रधानमन्त्री केपी शर्मा ओलीले चासो व्यक्त गर्नु भएको छ । कीर्तिपुर क्रिकेट रङ्गशालामा अन्तर्राष्ट्रिय स्तरको प्याराफिट निर्माण र फ्लडलाइट जडान कार्य तीन सिफ्टमा फटाफट काम गरेर निर्धारित समयमै सम्पन्न गर्न जोड दिनुभएको छ । उनले काम छिटो सक्र र आवश्यक सुझाव तथा खबरदारी गर्न सबैलाई अनुरोध गरेका छन् ।

मन्त्रिपरिषद्को पहिलो बैठकले कीर्तिपुरको क्रिकेट रङ्गशालाको प्याराफिट निर्माण र फ्लडलाइट जडान गर्ने निर्णय गरेको थियो । तर एनपिएलका बेला यो सम्भव हुन सकेन । प्रधानमन्त्री ओलीले नेपाल क्रिकेट सङ्घ (क्यान) का पदाधिकारीसहित क्रिकेट खेलाडीहरूलाई बालुवाटारमै बोलाएर यसबारे छलफल पनि गर्नुभएको थियो । त्यसबेला विश्वस्तरीय रङ्गशाला नेपालमा आवश्यकता भएको कुरा उठेको थियो ।

क्यानका पदाधिकारीहरुले बरु अलि समय दिएरै विश्वस्तरको रङ्गशालाको राम्रो डिजाइन गरौं, हतार नगरौँ भन्ने सल्लाह दिएका थिए । तर जग्गा प्राप्तिलगायत झन्झटिलो प्राविधिक प्रक्रियाले बढी समय लाग्ने नै भयो । यसबाट प्रारम्भिक प्राविधिक डिजाइन तय गर्ने काममा केही ढिलाइ हुन पुग्यो । गत शुक्रबारको कीर्तिपुरमा प्याराफिट निर्माण तथा फ्लडलाइट जडानका लागि बोलपत्र आह्वान भएको थियो । क्यानका सचिव पारस खडकाले आगामी वर्षको एनपिएल क्रिकेट प्रतियोगिता फ्लडलाइटमा राति पनि सञ्चालन गर्न सकिने अपेक्षा गरेकी छन् । क्रिकेट रङ्गशालालाई विश्वस्तरको बनाउने योजना त्यसपछि पनि जारी रहने प्रधानमन्त्री ओलीले प्रतिवद्धता व्यक्त गर्नु भएको छ । खेल समापनका अवसरमा नेपाली कांग्रेसका सभापति एवम् पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा, नेकपा(माओवादी)का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'लगायत विभिन्न राजनीतिक दलका नेता कार्यकर्ताहरुको उपसस्थति रहेको थियो ।

### अन्तमा,

एनपिएल क्रिकेट प्रतियोगिताको पहिलो संस्करणले नेपाली खेलाडीहरुलाई एउटै प्रतियोगिता खेलेबापत २० लाख रुपैयाँसम्म पारिश्रमिक पाउने हैसियत बनाएको छ, त्यो अत्यन्त प्रशंशनीय छ । आगामी दिनमा उनीहरुको आयस्तर अझ बढाउँदै लैजानु पर्दछ । एनपिएल क्रिकेटले खेलाडी, खेलप्रेमी दर्शकहरुका साथै क्रिकेटमा लगानी गरेका व्यापारीहरुको समेत उत्साह बढाएको छ । यसलाई अझ स्तरीय बनाउँदै बिर्सिन नसकिने प्रतियोगिताको रुपमा निरन्तरता दिइनुपर्छ । त्यसका लागि अझ स्तरीय खेलाडीहरुलाई टिममा भित्र्याउन टिमहरुले विशेष ध्यान दिनुपर्छ । खेलाडी अक्सनका बेला देखाइएको सुझबुझको आधारमा नै यसपालि विभिन्न टिमले सफलता पाएको देखिएको छ । आगामी दिनमा खेलाडीहरुको अझ उत्कृष्ट प्रदर्शका लागि लगानीकर्ताहरुलाई पनि उत्साहित बनाउन क्यानले बढी जोड दिनु पर्दछ । लगानीकर्ताले पनि आगामी केही प्रतियोगितासम्म नाफाको अपेक्षा गरिनु हुन्न । यस्ता प्रतियोगितालाई राजधानी काठमाडौँमा मात्र केन्द्रित नगरी अन्य जिल्लामा पनि सञ्चालनका लागि सम्बन्धित सबैले सक्रियता जनाउनुपर्ने आवश्यकता महसुस गरिएको छ । रासस

# एक छात्रालाई एक दिनका लागि शिक्षा मन्त्रीको पद हस्तान्तरण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले प्रतिकात्मक रुपमा आफ्नो पद एक छात्रालाई हस्तान्तरण गरेकी छन् । छात्रा तथा दलित समुदायका विद्यार्थिहरुलाई प्रोत्साहित गर्ने उद्देश्यले मन्त्री तिवारीले कक्षा ११ मा पढ्ने एक छात्रालाई प्रतिकात्मक रुपमा आइतबार आफ्नो पद हस्तान्तरण गरेकी हुन् ।

मधेश प्रदेशमा दलित तथा मुस्लिम वर्गका महिलाहरूको शैक्षिक अवस्था सुधारका लागि अन्तर्राष्ट्रिय किशोरी दिवसको अवसर पारेर प्लान ईन्टरनेशनलको सहयोग तथा सामुदायिक परिवार कल्याण सङ्घको आयोजनामा विश्व व्यापी अभियान अन्तर्गत धनुषाको विदेह नगरपालिका वडा नं ३ का कक्षा ११ मा पढ्ने दलित छात्रा चाँदनी पासवानलाई एक दिनका लागि शिक्षामन्त्री तिवारीले पद तथा कुर्सी हस्तान्तरण गरेकी हुन् । प्लान ईन्टरनेशनलले विश्वका ७५ वटा मुलुकमा किशोरीहरूको मनोबल बढाउन तथा मुलुकको हरेक क्षेत्रमा समान सहभागिता गराउने अभियान अन्तर्गत उच्च ओहदामा भएकाहरूको पद हस्तान्तरण गराउने अभियान चलाई रहेको प्लानका क्षेत्रिय प्रबन्धक रविशंकर पण्डितले जानकारी दिए । यसले किशोरीको मनोबल बढ्नुका साथै किशोरी प्रतिको सामाजिक विभेदमा पनि कमी आउने विश्वास प्रबन्धक पण्डितको रहेको छ । एक दिनका लागि प्रतिकात्मक रुपमा मन्त्री बनेकी छात्रा चाँदनी पासवानले आफूलाई मन्त्री जस्तो गरिमामय पद हस्तान्तरण गरेकी मन्त्री तिवारीलाई धन्यवाद दिँदै मधेशमा शिक्षकको अभाव, गुणस्तरीय शिक्षा, छात्रा मैत्री शौचालय, छात्रा समान खेलको अवसर जस्ता विषयमा ध्यानाकर्षण गरेकी थिइन् । कार्यक्रममा बोल्दै मधेश प्रदेशका शिक्षा तथा संस्कृतिमन्त्री रानी शर्मा तिवारीले मधेश प्रदेश सरकारले किशोरी शिक्षा तथा सशक्तीकरणका लागि विभिन्न अभियानहरू चलाएको बताउँदै अहिले सामुदायिक विद्यालयहरूमा छात्रको तुलनामा १५ देखि २५ प्रतिशतले छात्राहरू बढी पढेकाले विद्यालयको शैक्षिक गुणस्तरका लागि शिक्षकको अभाव पूर्तिमा प्रदेश सरकार गंभिर रहेको बताइन् । उनले शिक्षक तथा विद्यार्थीको अनुपातलाई सन्तुलित बनाउनका लागि प्रदेश सरकारले स्वयंसेवक शिक्षक राख्ने गरि थोरै बजेट विनियोजन गरेको र त्यसमा सघाउनका लागि दातृ निकायहरूको पटक पटक ध्यानाकर्षण गर्दै आएको बताइन् ।

शिक्षामन्त्री तिवारीले किशोरीहरूलाई उच्च शिक्षा हाँसिल गर्नका लागि छात्रवृत्ति, अपाङ्गमैत्री शौचालय, प्राविधिक शिक्षामा जोड दिँदै खुल्ला पार्क, विज्ञान पार्क तथा एक निर्वाचन क्षेत्र एक नमूना विद्यालय कार्यक्रम ल्याएको बताइन् ।

# रास्वपाको पर्सा भेला



**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) पर्सा जिल्लाको प्रथम जिल्ला भेला भव्य रूपमा सम्पन्न भएको छ । रास्वपा पर्साका संयोजक हरि पन्तको अध्यक्षतामा आयोजित भेलामा पार्टीका शीर्ष नेताहरूको उपस्थिति रहेको थियो । भेलामा प्रमुख अतिथि संघीय सांसद तथा रास्वपाका उपसभापति डा. स्वर्णिम वाग्लेले रास्वपाले जनताका समस्यालाई समाधान गर्ने उद्देश्यले नवीन सोचका साथ अघि बढेको बताउँदै, पार्टीको संगठन सुदृढीकरणका लागि सबै तहका कार्यकर्ताहरूले जिम्मेवारीपूर्वक काम गर्नुपर्नेमा जोड दिए । सांसद डा. तोसिमा कार्कीले पार्टीले मुलुकमा राजनीतिक रूपान्तरणका लागि नेतृत्वदायी भूमिका खेलिरहेको भन्दै जनताको आकांक्षा पूरा गर्न दृढ संकल्पित रहेको धारणा व्यक्त गरिन् । कार्यक्रममा केन्द्रीय संगठन विभागका सचिव शंकर श्रेष्ठले संगठनको बिस्तार र सुदृढीकरणको महत्त्वमाथि प्रकाश पारे । त्यस्तै, केन्द्रीय सदस्य तथा मधेश प्रदेश सभापति इ. तपेश्वर यादवले मधेश प्रदेशमा पार्टीको प्रभावलाई अझ बलियो बनाउनका लागि स्थानीयस्तरमा सक्रियता बढाउनुपर्ने आवश्यकता औंल्याए । मधेश प्रदेशका उपसभापति राधिका न्यौपानेले पार्टीले लैङ्गिक समानताका मुद्दामा विशेष ध्यान दिँदै आएको र यस क्षेत्रका महिलाहरूलाई पार्टी गतिविधिमा समेट्नका लागि पहल गरिने बताइन् । भेलाले पार्टीको संगठन सुदृढीकरण, स्थानीयस्तरका चुनौती र अवसर, तथा आगामी रणनीतिहरूबारे छलफल गर्दै, ठोस निर्णयहरू लिएको संयोजक हरि पन्तले जानकारी दिए । कार्यक्रमले स्थानीय कार्यकर्ताहरूमा उत्साह थप्नुका साथै पार्टीको संगठनलाई अझ बलियो बनाउने अपेक्षा गरिएको छ ।

## सभापतिमा पन्त निर्विरोध

राष्ट्रिय स्वतन्त्र पार्टी पर्साको प्रथम जिल्ला भेलाले हरि पन्तलाइ सभापतिमा निर्बिरोध निर्वाचित गर्दै आठ सदस्यीय जिल्ला समिति पनि निर्बिरोध चयन गरेको छ । केन्द्रिय उपसभापति डा स्वर्णिम वाग्लेको प्रमुख आतिथ्यमा सम्पन्न जिल्ला भेलामा निर्वाचित समिति सदस्यलाई उपसभापति वाग्लेले सपथ ग्रहण गराउँदै शुभकामना दिएका थिए । भेलाले पर्सा उपसभापतिमा तुलसा पौडेल, सचिवमा सुदिश प्रजापति, सहसचिवमा कृष्ण पासवान, सदस्यहरुमा दिलिप कुर्मी, पूर्ण सापकोटा, सुरेश यादव र प्रियंका पटेललाई चयन गरेको छ । सभापति पन्त यसअघि गत जेष्ठमा रास्वपा मधेश प्रदेश बैठकद्वारा पर्साको जिल्ला संयोजक चयन भएका थिए ।

# स्वास्थ्यकर्मीले प्रजिअलाई बुझाए ज्ञापनपत्र

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका ल्याबमा कार्यरत स्वास्थ्यकर्मीहरूले पर्साका प्रमुख जिल्ला अधिकारी गणेश अर्याललाई ज्ञापनपत्र बुझाएका छन् । ज्ञापनपत्रमा मेडिकल कलेज र निजी स्वास्थ्य संस्थाहरूले नर्सिङ तथा अन्य स्वास्थ्यकर्मीहरूको पारिश्रमिक र सुविधामा भइरहेको अन्याय समाधानका लागि नेपाल सरकारको सचिवस्तरीय बैठकले २०८१ मंसिर २७ गते गरेको निर्णय अनुसार कदम चाल्न आग्रह गरिएको छ । नेपाल



सरकारको निर्देशन अनुसार सबै मेडिकल कलेज र निजी स्वास्थ्य संस्थाहरूलाई पत्राचार गरिएको जानकारी दिँदै, ती संस्थाहरूले निर्देशनको अवज्ञा गरेको भन्दै ज्ञापनपत्र मार्फत स्वास्थ्यकर्मीहरूले गुनासो गरेका छन् । स्वास्थ्यकर्मीहरूले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको निर्देशन कार्यान्वयन नभए आन्दोलन गर्न बाध्य हुने चेतावनी दिएका छन् । उनीहरूले आफ्ना मागहरू पूरा गर्न आवश्यक कदम चाल्न र मन्त्रालयको निर्देशनको पालना गराउन प्रजिअ अर्याललाई अनुरोध गरेका छन् । ज्ञापनपत्र बुझाउने क्रममा स्वास्थ्य मन्त्रालयको पत्रको प्रतिलिपि तथा सम्बन्धित कागजातहरू पनि प्रमुख जिल्ला अधिकारीलाई उपलब्ध गराइएको थियो ।

# जसका दुवै सन्तान 'एनपिएलका' विजेता र उपविजेता बने !




**हिमाल लम्साल**
**वीरगंज ।**
वीरगंज महानगर–१२ मुर्ली नयाँटोलका मोहम्मद सलाम शेख र समा प्रवीन त्यस्ता भाग्यमानी अभिभावक हुन्, जसका दुवै सन्तान प्रथम संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को उपाधि चुम्ने जनकपुर बोल्ट्सका टिमका सदस्य आसिफ शेख र उपविजेता बन्ने सुदूरपश्चिम रोयल्स टिमका सदस्य आरिफ शेखका बुबाआमा हुन् ।

काठमाडौँको कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा शनिबार भएको फाइनल खेलमा समा प्रवीनको कोखबाट जन्मिएका आरिफ शेख र आसिफ शेख भने फरक–फरक टिमबाट प्रतिनिधित्व गर्दै उपाधि होडका लागि प्रतिस्पर्धामा उत्रिएका थिए । त्यस्तै खालको फरक दृश्य सङ्घीय राजधानीभन्दा दुई सय ७० किलोमिटर टाढा रहेको वीरगंजको मुर्ली नयाँटोलस्थित दुवै खेलाडीको घरमा पनि देखिन्थ्यो । उनीहरुको बुबा–आमा पनि फरक–फरक टिमको समर्थक बनेर आफ्ना दुवै छोराका टिमलाई हौसला थप्दै थिए । बुबा सलाम कान्छो छोरा आसिफ शेख खेल्ने जनकपुर बोल्ट्सको समर्थक थिए भने आमा जेठो छोरा आरिफले खेल्ने सुदूरपश्चिम रोयल्सको समर्थक थिइन् ।

बुबा सलामले एनपिएल खेलमा दुवै छोरा खेल्ने निश्चित भएसँगै दुवै टिम फाइनलमा प्रतिस्पर्धा गरोस् भन्ने चाहना रहेको सुनाए । 'एउटै घरका दुई छोरा फरक–फरक टिमबाट खेल खेलेपछि एउटाले जित्ने र अर्कोले हार्ने त निश्चित जस्तै थियो । त्यसैले पनि बाध्य भएर नै एउटाको समर्थक बन्न परेको हो', उनले भने, 'एनपिएलमा दुवै छोरा फरकफरक टिमबाट प्रतिनिधित्व गरेसँगै आफूलाई दुवै छोराले फाइनल खेलोस् भन्ने चाहना पनि पूरा हुँदा खुसीले गद्गद् भएको छु ।'

शनिबार बेलुकापख आरिफ र आसिफको घरपुग्दा भने बुबा हर्षित मुद्रामा देखिन्थे भने आमा समा भने केही मलिन मुद्रामा देखिन्थिन् । 'मलाई त दुवै छोराले खेल जितुन् भन्ने लागेको थियो । तर के गर्नु खेलको नियम त एउटाले जित्नुपर्ने रैछ', आमा समा प्रवीनले भनिन, 'दुवै छोराहरु फरक–फरक टिमबाट खेल्ने भएपछि श्रीमान्ले जनकपुरको पक्षमा रहनुभयो भने मैले सुदूरपश्चिमको पक्षमा रहेँ ।'

सुदूरपश्चिमले टस जितेर पहिलो ब्याटिङ गर्दै २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ८४ रन बनाएको थियो । त्यो बेलासम्म आमा समालाई सुदूरपश्चिमले एनपिएलको उपाधि जित्नेमा कुनै शङ्का नै थिएन । उनी सुदूरपश्चिमका खेलाडीले चौका र छक्का हिर्काउँदा भने निकै प्रफुल्लित हुने गरेको सुनाइन । 'मलाई त पहिलो चरणको ब्याटिङ हेरेपछि त सुदूपश्चिमले उपाधि जित्नेमा ढुक्क जस्तै थिएँ । तर, पछि जनकपुरले उत्कृष्ट कमब्याक गर्दै उपाधि जित्यो', उनले भनिन्, 'जुन टिमले जिते पनि नेपाली क्रिकेटको जित भएको अनुभूति गरेको छु ।'

सुदूरपश्चिमले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ८५ रनको लक्ष्य जनकपुर बोल्ट्सलाई दिएको थियो । तर, शुरुआती चरणमै उत्कृष्ट ब्याटिङ गर्दै जनकपुरले १९ दशमलव दुई ओभरमा पाँच विकेट गुमाउँदै लक्ष्य पछ्याएको थियो । फाइनल खेलमा जनकपुरले सुदूरपश्चिमलाई पाँच विकेटले पराजित गर्दै उपाधि होड रक्षा गरेको थियो ।

शेख परिवारमा आमा र बुबा फरक–फरक टिमका समर्थक भए पनि दुवै खेलाडीका बहिनी मुस्कान प्रविन भने दुवै दाजुको टिमको समर्थक रहेको बताइन् । 'आमा–बाबा अलगअलग टिमको पक्षमा हुनुहुन्थ्यो । मेरा लागि दुवै दाजुहरु बराबर भएकाले दुवैको फ्यान थिएँ', उनले दाजुहरुको मेहनत र लगनशील भएर खेलेकाले दुवै टिमको समर्थक रहेको बताइन् ।

बुबा सलाम छोराहरु आरिफ र आसिफ आजको यो स्थानसम्म आइपुग्न भने धेरै नै सङ्घर्ष गरेको स्मरण गर्छन् । 'छोराहरुको जहाँजहाँ खेल हुन्थ्यो । म त्यहीँ पुगेर नै खेल हेरेर हौसला थप्ने काम गर्थें', सलामले भने, 'क्रिकेट खेल्नका लागि आवश्यक पर्ने सबै खालका खेल सामग्री पनि उपलब्ध गराइदिन्थें ।'

आरिफ शेख नेपाली राष्ट्रिय क्रिकेटका अलराउण्डर खेलाडीका रुपमा परिचित छन् । आरिफले वीरगंजको नारायणी रङ्गशाला परिसरमा रहेको वीरगंज क्रिकेट मैदानबाट भएको खेल यात्रालाई अहिलेसम्म अविच्छिन्न अघि बढाउँदै आएका छन् । वीरगंजको विद्यासदन सेकेन्डरी विद्यालय हुँदै 'अन्डर १९' राष्ट्रिय टिममा खेल्दै सिनियर टिमसम्म पुग्न सफल खेलाडीको रुपमा परिचित छन् उनी ।

नेपाली टिममा एक दशकभन्दा लामो समयदेखि खेल्दै आएका आरिफ नेपाली क्रिकेट टिमका भरपर्दा खेलाडीका रुपमा चिनिने गर्छन् । 'लोअर मिडल अर्डर'मा ब्याटिङ गर्ने गर्छन् । आरिफले एनपिएलमा फाइनल खेलमा पनि त्यति उत्साहजनक खेल पस्किन भने सकेनन् । फाइनल खेलमा आरिफले तीन बलमा एक रन बनाएर आउट भए । सृदूरपश्चिम रोयल्सले आरिफलाई एनपिएलको अक्सनमार्फत १५ लाख रुपैयाँ खर्चेर टिममा भित्राएको थियो ।

आरिफका सहोदर भाइ हुन आसिफ शेख । जनकपुर बोल्ट्सले मार्की खेलाडीका रुपमा आसिफलाई २० लाख रुपैयाँ खर्चेर किनेको थियो । जनकपुर बोल्ट्सका कप्तान अनिल साह घाइते भएसँगै कप्तानको जिम्मेवारी समेत आसिफको काँधमा आइपुगेको थियो । आसिफले फाइनल खेलमा शुरुआती ब्याट्सम्यानका रुपमा क्रिकेट मैदानमा छिरेका थिए । आसिफले फाइनल खेलमा १९ बल खेल्दै चार चौका र दुई छक्कासहित ३३ रन बनाएका थिए । प्रतियोगिताको अन्य खेलमा राम्रो चल्न नसकेका आसिफले फाइनल खेलमा लाहिरु मिलान्थासँग उत्कृष्ट शुरुआत गरेका थिए ।

## विश्वकप जितेको हेर्ने बुबाको धोको




बुवा सलामले आफ्ना छोराहरुलाई उनीहरुको रुचि र चाहनाअनुसार नै क्रिकेटमा लाग्न प्रेरित गरेका थिए । 'मेरो प्रशस्त धनसम्पत्ति भएर छोराहरुलाई खेलाडी बनाएको होइन', उनले भने, 'असल संस्कार र शिक्षादिक्षाकै कारणले अहिलेको यो स्थानमा आइपुग्न सफल भएका हुन् ।' उनलाई नेपाली क्रिकेटले विश्वकपको उपाधि जितेको हेर्ने धोको छ ।

आमा प्रवीनले अझै पनि नेपाली क्रिकेट खेलाडी खेल खेलेरै जीविकोपार्जन गर्न नसक्ने अवस्था भएकामा दुःख लागेको बताउँछिन् । 'क्रिकेट खेलेरै खेलाडीले आफ्नो जीविकोपार्जन गर्नसक्ने अवस्था गराउनुपर्ने हुन्छ', उनले भने, 'त्यसो भएको खण्डमा नयाँ–नयाँ खेलाडीहरु खेलप्रति आकर्षित हुन सक्थे ।'

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन